पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ | अङ्क : ७ | २०७२ भदौ १८ गते शुक्रबार (sept. 4 , 2015) | मूल्य रू. १०/-

## अन्तर्राष्ट्रिय अदालतको कठघरामा नेपाल

काठमाडौं । एमालेका सचिव योगेश भट्टराईले पार्टी कार्यालयबाटै कैलाली हत्याकाण्डमा एमाओवादीका वर्षमान पुनको संलग्नता छ भनेर आरोप लगाएका छन् । यसको प्रतिवादमा एमाओवादीका प्रवक्ता दिननाथ शर्मा, र्षमान पुन, जनार्दन शर्माले कैलाली घटनामा एमालेकै हात रहेको बताएका छन् । एक बालकसहित ८ प्रहरीको हत्या गरिएको कैलाली घटना बिस्तारै अन्तर्राष्ट्रिय अदालततिर उन्मुख हुनथालेको छ । मजफोका उपेन्द्र यादवले कैलालीमा ९ जनाको हत्या गर्ने सुशील सरकारलाई अन्तर्राष्ट्रिय अदालतमा उभ्याउने धम्की दिएका छन् । यादवको दावी छ- राजा वीरेन्द्र र ज्ञानेन्द्रले पनि नगरेको नरसंहार सुशील कोइराला, केपी ओली र वामदेवको सरकारले गरेको छ । यस्तो सरकारलाई लोकतान्त्रिक सरकार भन्न सुहाउँदैन । (बाँकी अन्तिम पेजमा)

# भोलिदेखि फोरम लोकतान्त्रिक पनि सडकमा

काठमाडौं । मधेसको प्रतिनिधित्व छ भनेर संविधान घोषणा गर्न कम्मर कसेर लागिपरेका कांग्रेस, एमाले र एमाओवादीका लागि भोलिसम्मको अल्टमेटम दिएका छन्- मतियार फोरम लोकतान्त्रिकका नेता विजयकुमार गच्छदारले । भोलिसम्ममा मधेसका मुद्दा संवोधन गरिएन भने संविधानसभाका सबै प्रक्रिया परित्याग गरेर सडक संघर्षमा उत्रने घोषणा गरेका छन् गच्छदारले ।

यद्यपि उपेन्द्र यादव, राजेन्द्र महतो, महन्थ ठाकुरको मोर्चासँग भिन्न मत राखेर सत्तावादी बनिरहेका गच्छदारले उनीहरूसँग गाँसिएर होइन, छुट्टै आन्दोलन गर्ने भनेका छन् र आन्दोलनका लागि राष्ट्रिय मधेस समाजवादी पार्टी (शरदसिंह भण्डारी) र मधेसी जनअधिकार फोरम नेपाल गणतान्त्रिक (राजकिशोर यादव)सँग मिलेर ३ दलीय संघीय लोकतान्त्रिक मोर्चा गठन गरेका छन् ।



बुधवार, भदौ १६ गते नै महन्थ ठाकुर र उपेन्द्र यादवले वार्ताको वाताबरण बनेको छैन, मधेसी मोर्चासँग गरिएका सम्झौता पूरा हुन्छभन्ने ग्यारेन्टी पनि आएको छैन, त्यसैले वार्तामा बसिन्न भनिसकेका छन् । यो स्थितिमा गच्छदारले पनि सडक आन्दोलन छेडिदिए भने मधेस आन्दोलन थेगी नसक्नु, थामीनसक्नु हुने अनुमान छ विश्लेषकहरूको । गच्छदारकै शव्दमा "संविधानको परिमार्जित विधेयक संशोधन गर्ने अन्तिम समयसम्म असन्तुष्ट दलको न्यायोचित माग सम्बोधन गर्ने गरी सहमतिका लागि पहल गर्छौं, संविधान संशोधन दर्ता गर्ने अन्तिम समयावधिसम्म पनि माग सम्बोधन नभए संविधान निर्माण प्रक्रियाबाटै बाहिरिन्छौं ।

(बाँकी अन्तिम पेजमा)

## गिरिजाको सालिक ढल्दा गणतन्त्र हल्लियो

वीरगञ्ज । मधेसी आन्दोलनले गिरिजाप्रसाद कोइरालाको सालिक ढालेको छ । उता कोइरालाको सालिक ढल्यो, यता गणतन्त्र हल्लियो । स्वयं प्रचण्डले यो चानचुने घटना होइन, गणतन्त्रमाथि प्रहार हो भनेर पसिना पुछे ।

विश्लेषकहरू भन्छन्- हिजो इतिहास ढाल्नेहरू आज नेताको सालिक ढल्दा ढलपल गर्छन् भने यिनले कस्तो इतिहास बनाउलान् । आखिर यिनले जे सिकाए, संघीयतासहितको संविधान जनअपेक्षाजस्तो नआउने भयो भनेर जनताले त्यही त्यही काम न गरिरहेका छन् । लोकतान्त्रिक संस्कार बसेकै छैन, अराजकता त हुन्छ हुन्छ । हिम्मत भए प्रचण्डजस्ता नेता कैलालीदेखि (बाँकी अन्तिम पेजमा)

# लेखीको धम्की सरकारले स्वीकार्ला

**अभियान संवाददाता**

काठमाडौं । थारू कल्याणकारी सभाका पूर्वअध्यक्ष राजकुमार लेखीले प्रधानमन्त्री सशुील कोइरालासहित विभिन्न राजनीतिक दलका शीर्ष नेताहरूलाई भौतिक कारबाही गर्ने धम्की दिएका छन् । लेखीले प्रधानमन्त्री कोइराला, एमाले अध्यक्ष केपी ओली, एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल, नेता डा.बाबुराम भट्टराई, लेखराज भट्ट, पूर्वप्रधानमन्त्री एवं कांग्रेस वरिष्ठ नेता शेरबहादुर देउवा, एमाले उपाध्यक्ष भीम रावललाई भौतिक कारबाही गर्ने चेतावनी दिएका हुन् ।



रक्षाबन्धनको दिन पारेर इटहरी पुगेका लेखीले त्यहीँ पत्रकार सम्मलेनको आयोजना गरी थारूहरूको अधिकार प्राप्तिको आन्दोलन दबाउन प्रधानमन्त्री कोइरालासहित अन्य दल का शीर्ष नेताहरू लगिपरेको आरोप लगाउँदै तराई र थारूहटमा उनीहरू पुगे उनीहरूमाथि भौतिक कारबाही गर्ने उद्घोष गरेका हुन् । प्रधानमन्त्री कोइराला र एमाओवादीका अध्यक्षसहित अन्य केहीलाई भौतिक कारबाहीको धम्की दिइरहँदा कांग्रेस सुनरी क्षेत्र नं. १ का सचिव सुजेन्द्र तामाङ र एमाओवादीका नेता सन्तोष थारू भने लेखीको चेतावनी सुनेर हाँसिरहेको हाम्रो इटहरी प्रतिनिधिले जनाएका छन् ।

लेखीले अखण्ड सुदूरपश्चिमको कुरा निकालेर थारूहरूको अधिकार खोस्न खोजेको आरोप लगाउँदै देशभर भएको (बाँकी अन्तिम पेजमा)

## हिन्दू धर्मावलम्बीमाथि फेरि षड्यन्त्र

**अभियान संवाददाता**

काठमाडौं । संविधानको विधेयक माथि सैद्धान्तिक छलफल समाप्त भएको छ । अब उक्त विधेयक माथि विभिन्न दलका सभासदहरूले पार्टीगत स्वार्थ र केही शीर्ष नेताहरूको स्वार्थ अनुसार संशोधन प्रस्ताव हाले पनि तीन दलको सहमति बेगर संशोधन प्रस्ताव पारित हुनसक्ने सम्भावना देखिँदैन । अहिले पनि धर्म निरपेक्षता, थ्रेसहोल्ड र सर्वोच्च अदालतका न्यायाधीश तथा संवैधानिक निकायका पादाधिकारीहरूको विषय थाँती राखिएको छ । ती विषयमा चार दलहरूबीच सहमति भएमा मात्र संशोधन (बाँकी अन्तिम पेजमा)



# अब बन्ने नयाँ संविधान कार्यान्वयनमै अवरोध







काठमाडौं । प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति सुशील कोइरालाले असन्तुष्ट मधेस केन्द्रित दलहरूलाई वार्तामा आउन गरेको आग्रहलाई मधेसवादी दलहरूले ठाडै अस्वीकार गर्दै सरकार वार्ताका लागि गम्भीर नददेखिएको हुनाले आफूहरू वार्ताको नाटकमा नअल्मलिने बताएका छन् । विगतमा मधेसवादी दलहरूसँग भएको सहमति कार्यान्वयन गराउनको लागि संघर्ष जारी रहने घोषणा उनीहरूले गरेका छन् ।

वीरगञ्जमा पुगेका सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोले भने चार दल र सरकारलाई वार्ता गर्नु नै छैन । अहिले उनीहरू वार्ताको नौटंकी मात्र गरिरहेका हुनाले जबसम्म हाम्रा सर्तहरू लागु हुँदैनन्, तबसम्म वार्ताको अर्थ हुँदैन भन्दै हम्रो आन्दोलनलाई जति हल्का रूपमा लिइयो, त्यति नै महँगो उनीहरूलाई पर्नेछ भन्ने (बाँकी अन्तिम पेजमा)

# यो त हुनै सक्दैन...!!



**शाश्वत शर्मा खतिवडा**

शाश्वत शर्मा

यही विषयहरू (गणतन्त्र, धर्मनिरपेक्षता र संघीयता) मात्र समेटेर यिनले नयाँ संविधान जारी गर्ने ? भो, पत्याइएन । विश्वस्त रहौं, अहिले संविधान जारी (भदौभित्रमा ?) गर्छौं भनेर फुर्ति झार्ने चार दल (की तीन दल ?)हरू फेरि पनि अघि जस्तै 'असफल' सिद्ध हुनेछन् । किनभने मुख्य विषयहरू नै गलत छन् । यो गणतन्त्र, धर्मनिरपेक्षता अनि संघीयता यी गलत विषयहरू राखर पनि कहीँ संविधान जारी गर्न सकिन्छ !!

लौ, जसो तसो, संघीयतालाई पचाइएला रे ! तर गणतन्त्र र धर्मनिरपेक्षता ? यो त हुनै सक्दैन- हाम्रो नेपालमा । देश र जनताको मुड एकातिर अनि भारू र डलर खाएका तीन दल (गच्छदारले त अल्टिमेटम दिएका छन्)का नेताहरू अर्कातिर ! संविधानसभामा उभिएर जतिसुकै 'अब संविधान निर्माण प्रक्रिया रोकिँदैन' भनेर भाषण छाँटेपनि यो दीवास्वप्न मात्र हुनेछ- यी तीन दलका नेताहरूले बुझुन् ।

एकथरीको बुझाइमा अब जस्तोसुकै भएपनि संविधान त जारी गर्छन् । प्रचण्ड स्वयंले पनि संविधानसभामा उभिएर 'असन्तुष्ट'हरूका मागलाई पनि समावेश गरेर संविधान जारी गर्ने कुरा बताइसकेपछि यिनीहरू संविधान जारी गर्न चाहिँ सफल हुन्छन् । तर, होइन, बहुसंख्यक चिन्तकहरूका विचारमा चाहे मधेसीहरू, चाहे थारूहरू वा चाहे जनजातिहरूको माग नै किन पुरा नगरून्, यिनले । अझ भन्नुपर्दा हिन्दूराष्ट्र नै पनि किन नदिऊन् (?) यिनले । तर, जबसम्म शाहवंशीय राजतन्त्रका 'उत्तराधिकारी'लाई पनि नयाँ बन्ने भनिएको संविधानमा स्थान दिइँदैन, तबसम्म नयाँ संविधान जारी हुनै सक्दैन ।

यो एकहदसम्म सत्य कुरा हो । मधेसी, थारूहरूको भइरहेको आन्दोलनले त्यति प्रभाव पारेको छैन, जति राजतन्त्रको विषयले 'अप्रत्यक्ष' प्रभाव पारिरहेको छ । त्यसो त यी (कथित) नेताहरूले यो गम्भीर तथ्यलाई नबुझेका होइनन्, बुझेका छन् । तर, समस्या यो विषयको उठानलाई लिएर भइरहेको छ, जस्तो लाग्छ । हिजो आफैंले भड्काएका कार्यकर्ताहरूका सामु जान यिनलाई (बाँकी अन्तिम पेजमा)

पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान साप्ताहिक

## सम्पादकीय

# संविधान संशोधन लज्जाको विषय

*नेपाली कांग्रेसले पार्टीको १३ औं महाधिवेशन ६ महिना सार्न सकिने संवैधानिक ब्यवस्था गर्न नेपालको अन्तरिम संविधान नै संशोधन गर्ने जुन प्रस्ताव अन्य दलहरुसँग राखेको छ, त्यसले गर्दा मुलुककै पुरानो र लोकतान्त्रिक मानिने पार्टीको बेइज्जत भएको छ । अन्तरिम संविधानमा हरेक पाँच पाँच वर्षमा अनिवार्य रुपमा पार्टीको महाधिवेशन गर्नुपर्ने प्रावधान रहेको छ । आउँदो असोज २ गतेदेखि ५ गतेसम्म कांग्रेसले महाधिवेशन गर्ने समय तोकेपनि अहिलेसम्म उसले महाधिवेशन तयारीका लागि कुनै पनि समितिहरु समेत गठन गर्न सकेको छैन । आफ्नो पार्टीको महाधिवेशन गर्न संविधान नै संशोधनको प्रस्ताव राख्नु कांग्रेसका लागि लज्जाजनक विषय हो, तर उसले संविधान निर्माणलाई देखाएर अन्तरिम संविधान नै संशोधन गर्न खोज्नु अन्तरिम संविधानको खिल्ली उडाउनु मात्र नभएर एउटा लोकतान्त्रिक पार्टीको लागि लज्जाजनक विषय समेत हो । पार्टी नेतृत्वले आफ्नो पार्टीको वैधानिकता कहिलेसम्म रहन्छ र पार्टीलाई वैधानिक रुपमा राख्ने राख्न पार्टीको महाधिवेशन समयमै गर्नुपर्छ भन्नेमा विचार पुऱ्याउन नसक्नु पार्टी नेतृत्वको असक्षमता र नालायकीपनको नमूना समेत हो ।*

*एउटा पार्टीको आन्तरिक विषयलाई लिएर संविधान नै संशोधनको प्रस्ताव राख्नु उसमाथि त प्रश्न उठ्ने नै छ, त्यसैगरी एउटा पार्टीलाई संवैधानिक रुपमा राख्नका लागि संविधान संशोधनमा सहभागी हुने दलहरु समेत आरोपबाट मुक्त हुन पाउने छैनन् । कांग्रेसले ठूलो पार्टी भएकै कारण संविधान नै संशोधन गरेर महाधिवेशनको समय थप्ने हो भने भोली अन्य पार्टीहरुको महाधिवेशनका लागि पनि संविधान संशोधनको प्रस्ताव आएको खण्डमा त्यसलाई स्वीकार गर्ने की नगर्ने ? के ठूला दलले जे गरेपनि हुन्छ ? त्यसको अनुशरण अन्य दलले गर्न पाउने कि नपाउने ? कांग्रेस संविधानसभाको ठूलो दल मात्र नभएर सबैभन्दा पुरानो पार्टी समेत हो । उसले आफूलाई सबैभन्दा लोकतान्त्रिक दल भएको दावी गर्दै आएको छ । यहाँनेर प्रश्न उठ्न सक्छ, एउटा लोकतान्त्रिक दलले आफ्नो पार्टीको महाधिवेशनसम्म गर्न नसक्नु र महाधिवेशन गर्नका लागि भनेर संविधान नै संशोधनको बाटो रोज्न कतिको उचित हुन्छ ? कुनै पार्टी विशेषको महाधिवेशनलाई लिएर संविधान संशोधन गरिने प्रयास गरिन्छ भने लोकतान्त्रिक दल र अधिनायकवादी ब्यवस्थाको पक्षपोषण गर्ने दलहरुबीच के फरक रहन्छ त ? अधिनायकवादी ब्यवस्थामा पनि आफू अनुकूल संविधान संशोधन गरेर मूल नेतृत्वले वैधानिकता दिने प्रयास गरेका थुप्रै उदाहरण छन् । अहिले नेपाली कांग्रेस त्यस्तै अधिनायकवादी पार्टीले जस्तै ब्यवहार देखाउन थालेको हुनाले उसलाई कसरी लोकतान्त्रिक पार्टी भनेर स्वीकार गर्न सकिन्छ ? अहिले कांग्रेसले ल्याएको संविधान संशोधनको प्रस्तावले उसलाई अधिनायकवादी बाटोतर्फ डोऱ्याउन खोजेको आभास पाउन थालिएको छ ।*

*कांग्रेसले संविधान निर्माणको जटिल अवस्थालाई देखाएर पार्टीको महाधिवेशन ६ महिनापछि सार्न संविधान संशोधनको प्रस्ताव गरेको देखिन्छ । तर संविधान निर्माणको कुरा अहिले अपर्झट आएको होइन । पहिलो संविधानसभाको निर्वाचन सम्पन्न भयो, दोस्रो संविधानसभाको निर्वाचन भएको पनि झण्डै २२ महिना पुगिसकेको छ । उक्त समयमा कांग्रेसले किन आफ्नो पार्टीको महाधिवेशन गर्न सकेन वा गर्न चाहेन ? अहिले आएर संविधान नै संशोधन गरेर पार्टी महाधिवेशन गर्ने कसरत किन गरिरहेको छ ? कांग्रेसभित्र रहेको दाउपेच र ब्यवस्थापकीय अयोग्यताले नै कांग्रेसलाई अहिलेको अवस्थामा पुऱ्याएको हो । ठूलो पार्टी भएको दम्भ र नीति नियमलाई पन्छाएर, प्रक्रियालाई पेलपाल गर्ने कांग्रेस नेतृत्वभित्रको मनोविज्ञानले समेत काम गरेको देखिन्छ । त्यसैले उ संविधान नै संशोधन गरेर महाधिवेशन गर्ने पक्षमा गएको छ । अहिले पनि कांग्रेस नेतृत्वले चाहेको खण्डमा असोज २ देखि ५सम्म महाधिवेशन गर्न सकिने अवस्था जिवित हुँदाहुँदै त्यसतर्फ नगएर संविधान संशोधनको बाटो रोज्नुले कांग्रेसलाई कुनै हालतमा लोकतान्त्रिक पार्टी भन्न सकिने अवस्था रहँदैन । असोज ५ देखि नेपाली कांग्रेस अवैधानिक पार्टीका रुपमा दर्ज हुन सक्ने भएपछि त्यसलाई वैधानिक राख्नका लागि उसले संविधान संशोधनका लागि एमाले, एमाओवादी र फोरम लोकतान्त्रिकसँग सहयोग समेत मागिसकेको छ । एउटा पार्टीको महाधिवेशन गर्नका लागि एमाले, एमाओवादी र फोरम लोकतान्त्रिकले संविधान संशोधनका लागि सहमति गर्नु स्वयं उनीहरुकै लागि धब्बा लाग्न सक्ने छ ।*

*एउटा पार्टी विशेषको आन्तरिक राजनीतिको छायाँमा समग्र मुलुकको संवैधानिक प्रक्रिया पर्नुहुँदैन । त्यसले संविधानमा उल्लेखित प्रावधानहरुलाई सबै पार्टीका निम्ति बाध्यकारी पारिनु उचित हुनेछ । पाँचवर्षसम्ममा पनि आफ्नो पार्टीको महाधिवेशन गर्न नसक्नु र महाधिवेशन गर्नका लागि संविधान संशोधन गर्ने कांग्रेसको प्रस्ताव अब्यवहारिक र अलोकतान्त्रिक समेत रहेको छ । कुनै एउटा पार्टीको आन्तरिक राजनीतिक विषयलाई मिलाउन संविधान नै संशोधन गर्दै जाने हो भने संविधान संविधान नभएर जतिबेला जसलाई अवाश्यक पर्छ त्यसबेला संशोधन गर्न सकिने कागजको खोस्टोमा परिणत हुनेछ । त्यसले लोकतान्त्रिक ब्यवस्थाको धज्जी उडाउने काम मात्र हुने छ । आफूलाई लोकतन्त्रको ठेकेदार भन्ने पार्टीले पार्टीगत स्वार्थका लागि संविधान संशोधन गर्ने प्रस्ताव राख्नु नै घोर अलोकतान्त्रिक मात्र नभएर लोकतन्त्रलाई विकृत बनाउने खेलतिर कांग्रेस फसेको ठहरिनसक्छ । त्यसैले कांग्रेसले संविधान निर्माणको प्रक्रियासँगै आफ्नो महाधिवेशन गर्ने दिशामा अघि बढ्नु उचित हुनेछ भन्ने हामीले ठानेका छौं ।*

# संघीयता र धर्मनिरपेक्षताले मुलुक संकटमा

देवेन्द्र चुडाल

दोस्रो संविधानसभाले नयाँ संविधान जारी गर्ने तयारी गरिरहेको छ । तर जनतामा नयाँ संविधान जारी हुँदा उत्साह र उमंग देखिने अवस्था देखिएको छैन । आखिरी किन अब त्यसको लेखा जोखा गर्नुपर्ने बेला आएको छ । नयाँ संविधान निर्माणको अन्तिम चरणमा पुग्दा मुलुकमा आगोको रन्को दन्किएको छ । मुलुक अशान्त अवस्थामा रहेको छ । यस्तो बेलामा नयाँ संविधान जारी भइहाले पनि त्यसलाई जनताले सहजै स्वीकार गर्नसक्ने अवस्था नदेखिनु निश्चय पनि दुःखलाग्दो विषय हो । संविधानसभामा उपस्थित भएका ३२ दलहरू मध्येका ठूला दल कांग्रेस, एमाले, एमाओवादी र मधेसी जनअधिकार फोरम लोकतान्त्रिकले अन्य साना दलहरूलाई निषेध गरेर संविधान निर्माणको कार्यमा लागेका हुनाले मुलुकमा आगो सल्किएको सत्य वास्तविकता भएपनि त्यसलाई स्वीकार गर्ने पक्षमा कांग्रेस, एमाले र एमाओवादी तयार नहुनु नै हो । यी नै ठूला दलहरू मिलेर केही समय पहिला ६ प्रदेशको अवधारणा अघि सारे । ६ प्रदेशको अवरधाणामा कांग्रेस, एमाले र एमाओवादीभित्रै व्यापक असन्तुष्टी रहेपछि उनीहरूले फेरि ७ प्रदेशको अवधारणा सार्वजनिक गरेपछि मुलुक तनावग्रस्त अवस्थामा रहेको छ । पूर्वको मेचीदेखि पश्चिमको महाकाली र उत्तरदेखि दक्षिणसम्म आगोको मुस्लो दन्किएको छ । विजयकुमार गच्छदारको पार्टीकै सभासदहरू प्रदेशको सिमांकनका बारेमा असन्तुष्ट भएर आन्दोलन गरिरहेका छन् । मधेसवादी दलहरू मध्येको सद्भावना पार्टीले संविधानसभा छाडेर आन्दोलन थालेको छ भने अन्य मधेसवादी दलहरू पनि आन्दोलनमा होमिएका छन् । तर सत्ताधारी दलहरू कांग्रेस, एमाले, एमाओवादीले आफ्नो असफलता र नालायकीपनको दोष अरूलाई देखाएर जसरी भएपनि एक थान संविधान जारी गर्ने अडानमा रहेर त्यसैअनुरूप अघि बढ्दै गएका छन् । यहाँ नेर प्रश्न उठ्न सक्छ, आखिरी संविधान कसका लागि ? संविधान जनताका लागि हो भने जनताका राय सुझावहरू संविधानमा समेटिनु आवश्यक छ । यदि कतिथ शीर्ष नेताहरूका लागि संविधान चाहिएको हो भने उनीहरू पहिला प्रष्ठ हुनुपर्छ उनीहरूले अहिले भएको अन्तरिम संविधानको कति पालना गरेका छन् । मुलुकलाई अहिलेको जटिल अवस्थामा पुऱ्याउने यिनै राजनीतिक दलका केही शीर्ष नेताहरू नै हुन् ।

मुलुकमा आगो सल्किएको छ । आगो निभाउने उपाय ठूला भनिएका दलहरूसँग छैन । चारदलीय सिन्डिकेटले निर्णय गरेर मुलुकलाई चारदीय सिन्डिकेट भित्र राख्न खोजेको हुनाले मुलुकमा आगो सल्किएको हो । आज कैलालीदेखि विरगञ्ज, कलैयासम्म नागरिकहरूले ज्यान गुमाउनु परेको छ । जनताको सेवामा सक्रिय भएका सुरक्षाकर्मीहरू दिउँसै मारिँदा समेत सुशील कोइराला नेतृत्वको सरकार मुखदर्शक भएर बसेको छ । कैलालीको टिकापुरबाट सुरू भएको मान्छे मर्नेक्रम रोकिएको छैन । मुलुकको शान्ति सुरक्षाको ठेक्कालिएर बसेको नेकपा एमालेका नेता तथा गृहमन्त्री वामदेव गौतमले शान्ति सुरक्षा बहाली गराउन नसक्नु र प्रधानमन्त्री कोइरालाले उचित नेतृत्व दिन नसकेका हुनाले उनीहरू अब पदमा टाँसिरहनुको कुनै औचित्य देखिँदैन । मधेसका सोझा जनतालाई सडकमा उतारेर मधेसवादी दलका नेताहरू आफूहरू भने सुरक्षित स्थानमा बस्नुले उनीहरूमा मधेसी जनताप्रतिको मोह कति रहेछ भन्ने प्रष्ट भएको छ । केही समय पहिला मधेसवादी दलका नेताहरूले मधेसमा बसोबास गर्ने मधेसी समुदायका जनतालाई सडकमा उत्रन आव्हान गर्नु र उनीहरू मरेको अवस्थामा उनीहरूका परिवारलाई ५० लाख दिने उद्घोष गर्नुले पनि मधेसमा आन्दोलनको आगो बल्नलाई सहयोग पुऱ्याएको एक राजनीतिक विश्लेषकले बताएका छन् । यसरी पार्टीगत स्वार्थका लागि सोझा जनतालाई संघर्षमा उतार्ने अभिव्यक्ति दिने नेताहरूलाई सरकारले बेलैमा कारबाहीको दायरामा ल्याउन सकेको भए अहिले अन्य व्यक्तिहरूले ज्यान गुमाउनु पर्ने थिएन । आखिरी जो भए पनि नेपाली दाजुभाइ नै मर्ने हुन्, अनि मार्ने पनि नेपाली दाजुभाइ नै हुन् ।

पछिल्लो समयमा चारदलले ल्याएको ७ प्रदेशको खाका र सीमाकंनका विषयमा जनताले व्यापक विरोध गरेका छन् । तर चार दलले जनताको विरोधलाई साम्य पार्ने र जनताका मागहरू सम्बोधन गर्न सकिरहेका छैनन् । मुलुक विस्तारै अराजकतातिर लम्कँदै गएको छ । चार दलभित्रको गच्छदारले नेतृत्व गरेको फोरम लोकतान्त्रिकका सभासदहरू नै आफ्नै पार्टीका अध्यक्षले हस्ताक्षर गरेको ७ प्रदेशको सीमाकंनको विरोधमा सडक संघर्षमा उत्रिएपछि गच्छदारले समेत बाध्य भएर उद्घोष गरे, ७ प्रदेशको सिमाकंनप्रति आफ्नो सहमति छैन । यदि कांग्रेस, एमाले र एमाओवादीले त्यसलाई नसच्याएको खण्डमा आफ्नो पार्टी समेत सडक संघर्षमा जाने भन्दै तीन दलका आगाडि विन्तिभाउ गरिहेका छन् । तर उनका कुरा सुन्न कांग्रेस, एमाले र एमओवादीका शीर्ष नेताहरू तयार देखिएका छैनन् । यी तीन दलका नेताहरूले आ-आफ्ना दलका शीर्ष नेताहरूलाई सजिलो पर्ने गरी प्रदेशको सिमाकंन गरेर उनीहरूलाई सुरक्षित गराएका छन् । मानौं तीन दलका शीर्ष नेताहरूको आ-आफ्नो निर्वाचन क्षेत्र उनीहरूको मात्र पेवा हो । आफ्नो पेवामा कसैले हस्तक्षेप गर्न नसकोस् । सिमाकंन र प्रदेशको विवादले उग्र रूप लिँदा सडक संघर्षमा गएका दलहरूभित्र समेत एकमत देखिएको छैन । थारू समुदाय अगुवाहरू एकथरी थारू प्रदेश नै चाहिने अडानमा रहेका छन् भने अर्कोथरी रानाथरूहरू आफूहरूलाई विशेषाधिकार दिए पनि पुग्ने पक्षमा देखिएका छन् । त्यसैगरी अरूण पूर्वका ९ जिल्लालाई लिम्बुवान प्रदेश बनाउनु पर्ने लिम्बुवानहरूको मागप्रति उनीहरूकै एकमत हुन सकिरहेको छैन । सडक संघर्षमा गएका दलहरूभित्र पनि तिब्र विवाद सिर्जना भएको हुनाले कांग्रेस एमाले र एमाओवादी त्यसैबाट फाइदा उठाउँदै आफ्नो दुनो सोझ्याउने दाउ हेरेर बसेका छन् । सुशील कोइराला नेतृत्वको सरकारले मुलुकमा शान्ति सुरक्षा बहाली गर्नुको सट्टा जसरी भएपनि एकथान संविधान जारी गरेर संविधान जारी गरेको जस लिन अग्रसर भएको छ । जसरी भएपनि संविधान जारी गर्ने प्रयासलाई कांग्रेस, एमाले र एमाओवादीले साथ दिएका हुनाले अहिले सरकार र यी तीन दलको मत एक भएको छ । मुलुकका लागि जसरी पनि एक थान संविधानको आवश्यकता होइन । मुलुकका सबै समस्याहरूको समाधान गर्न सक्ने र सबै जनताले स्वीकार गर्न सक्ने संविधान अहिलेको आवश्यकता हो भन्ने हेक्का तीन दलका नेताहरूमा भए, अहिले उत्पन्न भएका सबै समस्याहरू सहजै समाधान हुन सक्छन् । तर तीन दलले पार्टीगत स्वार्थका लागि संविधनको नाममा मुलुकलाई दण्डहीनता तर्फ उन्मुख गराउँदै लगेका हुनाले मुलुक असफलराष्ट्रतर्फ उन्मूख हुँदै गएको छ । सत्ताको नेतृत्वकर्ता कांग्रेसले आफ्नो पार्टीको महाधिवेसन त समयमै गराउन नसकेर अब अन्तरिम संविधान नै संशोधन गर्ने तयारी गरिरहेको अवस्थामा उसले जनताले चाहेजस्तो संविधान निर्माण गर्छ भनेर पत्याउनु नै गलत साबित हुनेछ । आफ्नो घर ध्वस्त बनाउनेले देश ध्वस्त बनाउने बाहेक अन्य केही गर्न सक्दैन । पाँच वर्षसम्ममा पनि र फेरि थपिएको एक वर्षसम्ममा पार्टीको महाधिवेशन गराउन नसक्ने पार्टी, असोज ५ देखि असंवैधानिक पार्टीका रूपमा दर्ज हुने तरखरमा रहेको छ । यसरी एउटा पार्टी सञ्चालन गर्न असक्षम भएको नेतृत्वले देश सञ्चालन गर्नु नेपाल र नेपाली जनताकै लागि दुर्भाग्यको विषय समेत हो ।

दोस्रो संविधानसभाले संविधान जारी गर्ने नाममा मुलुकलाई असहज परिस्थितितर्फ धकेलेको छ । सेनालगाएर पेट्रोलियम पदार्थ आयात गर्नुपर्ने वातवारण सिर्जना भएको छ । जतातत्तै कर्फ्यु लगाइएको छ । संकटग्रस्त क्षेत्र घोषणा गरिएको छ, मधेसवादी दलहरूले आन्दोलनका कार्यक्रमलाई कडा बनाउँदै लगेका छन् । जनता मारिँदै छन्, बजारमा सबै समानको हाहाकार मच्चाइएको छ । तर सरकार भने एउटै माला जप्दै जसरी भएपनि संविधान भनिरहेको छ । संविधान जारी भएपछि सत्ताको नेतृत्व नेकपा एमालेले पाउने सहमति कांग्रेस-एमालेबीच २०७१ माघ २४ गते भएकोले कांग्रेसलाईभन्दा बढी संविधान एमालेलाई चाहिएको छ । त्यसैले उसले संविधानसभा नियमावलीलाई निलम्बन गरेर भएपनि जतिसक्दो छिटो संविधान जारी हुनुपर्ने अडान लिएको छ । आजसम्म पनि संविधानका केही विवादित विषयहरूमा सहमति भएका छैनन् । धर्मनिरपेक्षता, थ्रेसहोल्ड र सर्वोच्च अदालतका न्यायाधीशहरू र संवैधानिक निकायका पदाधिकारीहरूको नियुक्तीका बारेमा कुनै निर्णय नै नगरी कृष्णप्रसाद सिटौलाको सभापतित्वमा रहेको सस्यौदा समितिले संविधानसभालाई मस्यौदा प्रस्तुत गरेकोमा त्यसलाई हुबहु बहुमतले संविधानसभाबाट पारित गरेको छ । त्यही प्रस्तावका बारेमा संशोधन प्रस्ताव हाल्न राजनीतिक दलहरूलाई १९ गतेसम्मको समयसीमा तोकिएको भएपनि कांग्रेस, एमाले र एमाओवादीबीचको सहमतिले मात्र संशोधित प्रस्ताव पारित हुने भएकोले उनीहरूबीच एकप्रकारको सहमति नै भएको छ । धर्म निरपेक्षतालाई हटाउन एमाओवादी तयार नभएपछि एमाओवादीको सहमति अनुसार नै नयाँ संविधानमा समेत धर्मनिरपेक्षतालाई कायम राखिने प्रायः निश्चित भएपछि हिन्दूधर्मसँग सम्बन्धित राजनीतिक दलहरू र विभिन्न धार्मिक संघसंस्थाहरू समेत आन्दोलनमा उत्रिएका छन् । राप्रपा नेपालले धर्मनिरपेक्षताको विपक्षमा संशोधन प्रस्ताव दर्ता गराएको छ भने राप्रपाले समेत त्यस्तै प्रस्ताव दर्ता गराएको छ । संविधानसभामा सभासदहरूलाई ह्वीप नलाग्ने भएपनि कांग्रेस, एमाले र एमाओवादीले आ-आफ्ना सभासदहरूलाई पार्टीको निर्देशन र अनुमति बेगर संशोधन प्रस्ताव दर्ता नगराउन आदेश जारी गरेका छन् । तिनै पार्टीभित्र हिन्दू राज्य कायम हुनुपर्छ भन्ने उल्लेख्य सभासदहरू रहेका हुनाले उनीहरूलाई तह लगाउनको लागि त्यस्तो फरमान जारी गरिएको सभासदहरूले नै बताएका छन् । यसरी षड्यन्त्र मूलक ढंगले अन्तरिम संविधानमा राखिएको धर्म निरपेक्षतालाई कामय राख्न फेरि कांग्रेस, एमाले र एमाओवादीले अर्को षड्यन्त्र गरेका छन् ।

केन्द्रिय तथ्यांक विभागको २०६८ सालको जनगणा अनुसार नेपालमा हिन्दूधर्मावलम्बीहरूको संख्या ८१.३ प्रतिशत (२ करोड १५ लाख ५२ हजार), बौद्ध ९ प्रतिशत (२४ लाख), किरात ३ प्रतिशत (८ लाखभन्दा बढी) देखाएको छ । त्यसैगरी ॐकार परिवार मानिने यी धर्मावलम्बीको कुल संख्या ९३.४ प्रतिशत हुन आउँछ । शिख र जैन धर्मावलम्बी पनि जोड्दा २ करोड ५० लाखभन्दा बढी देखिन्छ । २ करोड ५० लाख जनसंख्या भएको मुलुकमा २ करोड ५० लाख जनसंख्या पहिचानबिहीन र प्रतिरक्षात्मकको अवस्थामा बाँच्नु परेको छ भने कुनै संविधानले देशका बहुसंख्यक जनताको भावनालाई सम्बोधन गरेको छ भन्न सकिन्छ कि विदेशी षड्यन्त्रको दुस्परिणाम । विदेशीहरुको षड्यन्त्रमा फसेर र डलरको कमाई हुने लोभले गर्दा राजनीतिक दलका उच्चतहका नेताहरू र केही कथित मानवअधिकारवादीहरूको इसारामा कथित धर्मनिरपेक्षताले गृहयुद्ध र संघीयता विखण्डनको खतरा बोकेर देखापरेको छ । नेपाली जनताले जिल्ला, अञ्चल टुक्राउन पाइँदैन भन्ने विरोध गरिरहेका छन्, उनीहरू जिल्ला विभाजनको विपक्षमा उभिएका हुनाले जनताले संघीयता नचाहेको प्रष्ट हुन्छ । जनताले नचाहेको विषयमा निर्णय गर्ने अधिकार न त संविधानसभालाई छ न त राजनीतिक दलहरूलाई नै । जनताले चाहेको विषयमा निर्णय गर्नुपर्ने भएपछि जनताको ध्यान अर्कोतिर मोड्नका लागि धर्मनिरपेक्षता र संघियताको कार्ड विदेशीहरूको इशारामा केही राष्ट्रघातीहरूले फालेका हुनाले मुलुकलाई विभाजन हुनबाट जोगाउनको लागि पनि नेपाल हिन्दूराष्ट्र नै कायम हुनुपर्ने र संघीयतामा मुलुक नजानु नै नेपाल र नेपाली जनताको हितमा हुनेछ । विश्वमा अहिले पनि १ अर्ब ८ करोड हिन्दूधर्मावलम्बीहरू रहेका छन् । उनीहरूको गैरव हिन्दूधर्म हो । त्यसैले हिन्दूधर्मको अस्तित्व मेटाउन खोजनेहरू विरूद्ध अब ॐकार परिवारभित्र रहेका सबै संघर्षमा उत्रनु बाहेक अन्य विकल्प छैन

devendrachudal@gmail.com

# सेनाको सुरक्षामा संविधान घोषणा गर्ने?


राजन कार्की

लोकको घेरामा, लोकको स्वागत र रमझमसहित लोकतान्त्रिक संविधान आउला भनेको त फौजी घेरामा पो आउन लाग्यो। सेना परिचालन भइसक्यो, सेनालाई अलर्ट राखिसकियो। देशभरि फैलिएको अशान्ति र बन्द हड्तालालाई दङ्गाको लेबल लगाएर शान्ति सुरक्षाको जिम्मा सेनालाई दिन थालिएको छ। प्रहरी र सशस्त्र फेल भइसक्यो, अन्तिम अस्त्र प्रयोग हुनु भनेको देशमा असामान्य स्थिति छ भनेको हो। असामान्य स्थितिमा संविधान जारी हुनसक्छ कि सक्दैन ? सक्दैन भने ठूला ४ दल किन लोकको सुरक्षा, लोकआवाजको कदर गर्न छाडेर संविधानका जारी गर्ने गर्ने भन्ने निर्णय गरिरहेका छन् ?

मुलुक आन्दोलित छ। १ सय २६ जातिको मुलुकमा सबै जाति आन्दोलित छन्। कतै भेग, कतै भेष, कतै धर्म, कतै भाषिक आन्दोलनको आगो दन्किरहेको छ। लोकतन्त्रका नायकहरूको पहिलो कर्तव्य हो- जनअसन्तुष्टिलाई शान्त पार्नु। र, लोकले अपनत्व ग्रहण गर्नसक्ने खालको संविधान घोषणा गर्नु। रोम जलिरहेको छ, निरो संगीतमा मस्त छन्। यस्तै छ हाम्रा ठूला ४ दलको चालामाला। देश जलिरहेको छ, ४ दल संविधान घोषणापछिको सत्ता र शक्ति खेलाउने विषयमा मदमस्त छन्।

केही महिनाअघि सीके राउत मधेसराष्ट्र बनाउँछु भनेर बिखण्डनको बीउ छर्दै थिए। त्यसपछि अमरेशकुमार, राजेन्द्र महतो र उपेन्द्र यादव पहाडी लखेट भनेर थारु र मधेसीलाई उक्साएको देखियो। आङकाजीजस्ता जनजातिहरू बाहुन काटिन्छ, घरघरबाट निकालेर काटिन्छ भनेर विषबमन गरिरहदा डा.बाबुराम भट्टराई थारुलाई नथाकी विद्रोह गर्न सन्काएकै हुन्। मधेसलाई बंगलादेश र पाकिस्तान बनाइदिन्छु भन्ने नेताहरू मधेसी दलमित्रमात्र छैनन्, सत्तारूढ समाजवादी नेपाली कांग्रेसभित्रै अटाइरहेका छन्। लोकको पीडा नबुझ्ने तर घैंटे, चरीजस्ता गुण्डाका वकालत गर्न सभासदहरू खुलेआम सडकमा निस्किए। यी कस्ता सभासद जो लोकका होइन, माफियाका मुखबीर बनिरहेका छन् ? मधेसी नेताहरू त त्यसै पनि एक मधेस एक प्रदेश हुनुपर्छ भन्नेहरू हुन्, तिनले झापादेखि कन्चनपुरसम्मको मधेस अलग हुनुपर्छ भने त के बिराए ? हलेदो भनेपछि के कोट्याउनु, जात जनाइहाल्छ। मधेसमा जन्मजात मधेसी नेता कम छन् र नयाँ नागरिक बनेका मधेसी नेताले मधेस आन्दोलन हाँकेको छन्, तिनले सीके राउतको बोलीमा लोली मिलाए त मिलाए। स्वाधीनता राष्ट्रिय स्तरको नेतामा हुनुपर्छ र त्यही स्वाधीनताले सीके लाल वा राउत, महन्थ वा महतोका क्षेत्रीयतावादलाई किनारा लगाउन सक्नुपर्छ। राष्ट्रिय स्तरका नेताहले एक नेपाल, एक नेपालीको मजबुत भावना निर्माण गर्न किन सकेनन् ?

आश्चर्य के छ भने मेचीदेखि महाकालीसम्मका जनता हक देउ भनेर आन्दोलित भएका छन्। बन्द, हड्ताल, जुलुस निकालीरहेका छन्। किन ? रोगको कारण पत्ता नलागेसम्म सही उपचार हुनसक्दैन। रोगको कारण संघीयता र पहिचानमा छ, समानता र अधिकारमा छ। राज्य र राजनीतिक दलहरू कफ्र्यु लगाएर सुरक्षाकर्मी र जनता जुधाइरहेका छन्। सुरक्षाकर्मी टियरग्यास र गोली ठोकिरहेका छन्।

जनताले अधिकार चाहियो भनेर उठ्नु आतंककारी घटना थिएन, होइन तर राज्य र राजनीतिक दलहरू दङ्गाक्षेत्र घोषणा गर्दै र सेना परिचालन गर्दै जनतामाथि आतंक फैलाइरहेका छन्। राज्य र राजनीतिक दलका क्रियाकलापहरू आपत्तिजनक छन्।

जनताको शान्ति र संघीयताको माग विरुद्ध राज्यले हिंसा फैलाएर अनुचित कार्य हो। दिनदिनै आन्दोलन भड्किदै गएको छ, जनताको आवेग बेग बन्दैछ। सखारै घरघरबाट आन्दोलनमा निस्कने जनता कोही मर्छन्, कोही अस्पताल पुऱ्याइन्छन् र कसैको लाश तेर्सिन्छ। शान्ति र समानता ज्यानसँग साट्नु पर्ने भयो जनताले। राज्यको ज्यादति र राजनीतिक दलहरुको निरंकुश शैलीका कारण सुर्खेतदेखि कैलालीसम्म, कपिलवस्तुदेखि पर्सासम्म जनताले ज्यान गुमाइरहेका छन्। सर्लाहीदेखि मोरङसम्म जनता सडकमा उत्रिएका छन्, अरूण पूर्वका लिम्बुवानले अधिकार लिएरै छाड्ने भनेर कम्मर कसिसके। मधेस वा पहाड, हिमाल-सबैक्षेत्रका जनता आक्रोसित भइसके।

संघीयता समाधान हुंदो हो त विश्वका २८ देशमात्र किन संघीय प्रणालीमा छन् ? संघीयता नअपनाएका मुलुकहरू पनि सम्पन्न र विकसित भएकै छन् त ? समस्या विवेकको हो, समस्या विभेदमा छ। १२६ जातिको देशको राजनीतिमा विवेक भएन र व्यवहारमा विभेद भएकाले संविधानसभा सफल हुन नसकेको हो। देशमा झगडा मच्चाउने बीउ बनिसक्यो संघीयता। यसकारण खुट्याउनु जरूरी छ- संघीयता जनताको माग र देशको आवश्यकता हो कि नेताहरूको स्वार्थको सन्यासो ?

विवाद धर्ममा छ, विवाद जातीयतामा छ, विवाद क्षेत्रीयतामा छ। विवाद खण्ड, अखण्डमा छ। विवाद बढेर मुलुक युद्ध मैदानजस्तो बनिसक्यो। यी सबै विवादको कारण राजनीतिक हो। राजनीतिक कारणले विवाद बढेको हो भन्ने थाहा हुँदाहुँदै फेरि किन जनताको दमन गर्न सुरक्षाकर्मी खटाइयो ? बन्दुक पड्काएर र जनता मारेर राजनीतिक विवादको आरपार हुन्छ ? १० वर्षे जनयुद्धले १७ हजार जनता मारिसक्दा त छिनोफानो हुनसकेन। जनयुद्ध, जनआन्दोलनका नायकहरू आज सत्ता र संविधानसभामा छन्, जनप्रतिनिधि तिनै हुन्। तिनै हुन् भने तिनले फेरि त्यही गल्ती किन दोहोऱ्याए ? र, राजनीतिक रूपमा समस्याबाट निकास निकाल्ने प्रयास किन गरिरहेका छैनन् ?

**जनताको शान्ति र संघीयताको माग विरुद्ध राज्यले हिंसा फैलाएर अनुचित कार्य हो । दिनदिनै आन्दोलन भड्किदै गएको छ, जनताको आवेग बेग बन्दैछ । सखारै घरघरबाट आन्दोलनमा निस्कने जनता कोही मर्छन्, कोही अस्पताल पुऱ्याइन्छन् र कसैको लाश तेर्सिन्छ । शान्ति र समानता ज्यानसँग साट्नु पर्ने भयो जनताले । राज्यको ज्यादति र राजनीतिक दलहरुको निरंकुश शैलीका कारण सुर्खेतदेखि कैलालीसम्म, कपिलवस्तुदेखि पर्सासम्म जनताले ज्यान गुमाइरहेका छन् ।**

जनजातिलाई बाहुनक्षैत्री विरूद्ध उक्साउने, थारु, मधेसी उठाएर पहाडीयाले मात्र शासन गर्ने भनेर आगो झोस्ने, दलित, महिला, सिमान्तकृत समुदायलाई आक्रोसित पारेर हिंसात्मक हुन उक्साउने काम परचक्रीबाट भइरहेको छ। हो मा हो मिलाइरहेका छन् हाम्रा लोकतन्त्रवादी नेताहरूले। रोग सबैलाई थाहा छ, तर राजतन्त्र र हिन्दूराष्ट्रका विरोधीहरूको शंकाले लंका पिरोलेको छ, र आफ्नो तथा पार्टीको निर्वाचन क्षेत्रको सुरक्षाकवचको लालचले साबुत देश सत्यानाश पारिदैछ। देश देख्न सकेनन् नेतृत्वले। नेपालको भ्रमण गर्न विश्व लालायित हुनेगरेको छ, हामी यति सुन्दर देशलाई राजनीतिक खुकुरीले अचानो बनाइरहेका छौं। दोष व्यवस्थाको होइन, व्यवस्थापनको हो। समस्या बाँदरको हातमा नरिवल खेलाउने नेताहरूमा छ।

जनयुद्ध जिते फाँटका फाँट जग्गा तिमै हो, ठूला महल तिम्रै हो भनेर सपना बाँडियो, भयो के ? हजारौं लडाका दिदीबहिनी शरीर बेचेर पेट पालिरहेका छन्। हजारौं युवा खाडी मुलुकमा सडिरहेका छन्, मरिरहेका छन्। हजारौंको युवाजीवन व्यर्थ नष्ट भयो, हजारौं अहिले पनि छटपटिइरहेका छन्, बिल्लीबाठ छ तिनको। जनआन्दोलन सफल भएपछि सपना पूरा हुन्छ भन्ने नेताहरू आफू बने, आन्दोलनकारीलाई बीचैमा छाडिदिए। लोकतन्त्र जनतालाई कौवालाई बेल पाकेसरह भयो। ०५४ सालमा आधारातमा महाकाली सन्धि पारित भएपछि यिनै केपी ओली, शेरबहादुर देउवा, माधवकुमार नेपालहरू हुन् जसले अब नेपालको सूर्य पश्चिमबाट उदाउँछ भनेका थिए। प्रकृति बदल्ने यिनको भाषण कति खोक्रो रहेछ सबैले देखिसके। अहिले जातीय राज्य दिन्छु भन्नेहरूको पाइन देखियो। एमालेका नेता तथा गृहमन्त्री वामदेव गौतम गोली ठोकेर जनतालाई ठिक पार्ने कसरत गरिरहेका छन्। संविधान बनेपछि ओली प्रधानमन्त्री बन्नेछन्, तिनको फुर्ति पनि तीन न तेह्रको रहेछ भन्ने देखिनेछ। किनकि हाम्रा नेताहरू सिंगमाङ होइनन्, पुङमाङ् हुन्, माथिबाट अमृत नै खन्याए पनि पोखिहाल्छ। त्यसमाथि यी त विषवृक्ष रहेछन्। देशलाई पेवा सम्झने विषवृक्षमा मेवा फल्दैन, विषालु फल फल्ने हो।

नेपालमा जति पनि उत्पीडन छन्, त्यसका जिम्मेवार नेता हुन्। यिनले बिगतलाई दोष दिएर पन्छिन सक्दैनन् किनभने परिवर्तन भएको १० वर्ष भइसक्यो। यिनले अहिले पनि उत्पीडन बढाइरहेका छन्। यिनमा विवेकहीनताको प्रमाण हो यो। अहिले देशव्यापी रूपमा जनता जुर्मुराएर उठ्नु परेको यिनकै कारणले हो। राज्य र राजनीतिले दमन गर्छ भने जनताले ऐया त भन्छ, भन्छ। ऐया भन्दा जनतामाथि ओखती दल्ने कि गोली बर्साउने ? फेरि पनि भन्नैपर्छ राजनीतिक समस्याको समाधान बन्दुक होइन। राज्य र राजनीतिक दलहरूले जनताविरूद्ध सुरक्षाकर्मी परिचालन गरेर जसरी गोलीको वर्षा गरिरहेको छ, यथार्थमा यो सुकुलगुण्डे तरिका हो। यस्ता सुकुलगुण्डा राजनीतिले देशलाई न निकास दिन्छ, न विकास ? न न्याय गर्छ, न सम्मान ?

जनमतकै कुरा गर्ने हो भने लाइबेरियामा चार्ल्स टेलर पनि ७५ प्रतिशत मत ल्याएर निर्वाचित भएका थिए। हाम्रा नेताजस्तै जनताका सपनाका केन्द्रबिन्दु थिए। चार्ल्स जब सत्तामा पुगे, तानाशाह बने। हाम्रा नेताहरू पनि यतिखेर क्रुर तानाशाहभन्दा कम देखिदैनन्। चार्ल्स मानवताविरोधी भनेर बदनाम छन्, हाम्रा जननेताहरूले त्यो दिन देख्नु नपरोस्।

यसकारण भनिन्छ, राजनीतिमा राजनेता भएन भने त्यो देशको बेहाल हुन्छ। नेपाल बेहाल भइरहनुको कारण राजनेता नभएकाले हो। गुण्डा पनि नेता, अपराधी र ज्यानमारा, अपहरणकारी र तस्कर माफिया पनि सभासद, मन्त्री ? अनि लोकतन्त्र संस्थागत गर्ने सपना बाँडिरहेका छौं, नयाँ नेपाल बनाउने संविधान बनाउने रे। गफै त हो, नेपालमा सबैभन्दा सस्तो नेताको गफ छ। गफ गरेर नेताहरू देश र जनतालाई लुटिरहेका छन्।

लोकतन्त्रको बारीमा शान्ति र संविधान फुलाउने हो भने राजनीतिक नेताहरू संविधानसभामा थुप्रिन छाडेर तत्काल सकारात्मक सोचाइ र सामुहिक प्रयासका साथ मेची-महाकालीका पाटा पाटा र बाटा बाटामा पुग्नुपर्छ र जनतासँग अन्तरक्रिया गर्नुपर्छ। जनताका आवाजलाई कसरी संवोधन गर्न सकिन्छ र नेपाली एकता खण्डित हुनबाट रोक्न सकिन्छ, त्यसमा ध्यान केन्द्रित गर्नुपर्छ। नेपाल छ र हाम्रो पहिचान र राजनीति छ भन्ने बुझेर आफ्नो हैसियत र देशको सार्वभौमिकता जोगाउन खटिनुपर्छ। पाखण्ड धेरै भयो। पहिचानसहितको संघीयता, संघीयतासहितको संविधानको रट लगाउन छाडेर जनता के मागिरहेका छन्, त्यतातिर ध्यान दिने कि ?

# तराई मरूभूमिको चपेटामा

*डा. शंकरलाल चौधरी*

आज तराई-मधेशबाट ७५-८० प्रतिशत राजस्व संकलन हुन्छ। तै पनि तराई-मधेशको अवस्था जीर्ण र दयनीय छ। "दीप तले अंधेरा", "नदीया न पिये कभी अपना जल" यी भनाइहरु तराई-मधेशको सन्दर्भमा देखिएको छ। मधेशमा यस्तै भइरहेको छ। तराई-मधेश अन्नको भण्डार हो। राजस्वको मूल थलो हो। तर, त्यहाँका जनता निःसहाय, टुहुराजस्तै चौतारामा बसिरहेका छन्। अवस्था बहुतै संवेदनशील छ। हालैको बजेटको अवस्थालाई गहिरिएर अध्ययन गर्दा सबैथोक प्रष्ट हुन्छ। बजेटमा मधेशको रटान लगाए पनि समग्रमा गुद्दी कुरो केही रहेनछ। यो सबै राजनीतिक अदूरदर्शिता, नीतिकार र योजनाको संकीर्ण उपजको प्रतिफल हो। आज देशको सेल्टरबेल्ट तराई-मधेशबारे पनि सोच छैन। व्यवहार पक्षपाती र भदभावले ग्रसित मानसिकता छ। प्रायः प्रधानमन्त्रीहरु तराई-मधेशको थलोबाट आउँछन् तर सोच फरकिलो छैन। पहाड र उच्च पहाडको विकास नहोस् भन्ने भावना छैन। सनतुलित विकास होस् तर छैन। उदाहरणका लागि २५ लिटर दुध दिने विकासी गाईलाईखुराक पनि त उही मात्रामा दिएर दिगोपन हुन्छ तर मधेशको हकमा ठिक उल्टो फरमुला लागू भएको छ। मधेशलाई दोहन र शोषण मात्र भएको छ।

हेराई र सोचाई नै पक्षपाती छ। योजना, नीति निर्माण, पराराष्ट्र यस्तै निर्णायक पदहरूमा तराई-मधेशका बौद्धिक वर्गलाई राख्ने चलन प्रायः न्यून र नगण्य छ। कहिलेकाहीं यस्तै खानीको बुद जस्तो मात्र कतै कहीं पर्छ। यस्तै पूर्वाग्रही सोचले गर्दा तराई-मधेशको उर्वरभूमि, अन्नको भण्डार भएको ठाउँ आज मरूभूमिमा परिणत भइरहेको छ। यसबाट छाता मधेशलाई मात्र होइन सारा देशलाई घाटा छ। निजामती सेवामा पनि यस्तै अवस्था छ। ८०-८५ प्रतिशत पहाडे मूलका मानिस निजामती सेवामा छ।

खाद्यान्न र अन्न उत्पादनका पूर्वाधारका लागि बजेट यथेष्ट हुनुपर्छ तर, त्यो छैन। भोको पेटले के हुन्छ ? भोकाए पछि मानिसको सोचाई नै गलततिर लाग्छ। ठूला-ठूला पार्टीहरूमा तराई मधेशका मानिसहरु कम छैन। तर उही माथिका दयामाया र आफ्नो स्वार्थ मात्र पूर्ति गरी रहेका र आफ्नो स्थान सुरक्षित राख्नमा चर्तिकला ठान्दछ। वि.सं. २०४८ सालदेखि हालसम्मको यही चिन्तन र गन्थन छ, लुकेको स्वार्थ छ। गान्धी, लिंकन र सौकरेट जस्ता हुनुपर्छ। २०६४ पछि संविधानसभाको स्थापना भएपछि तराई-मधेशको हकमा आशाको किरण पलाएको थियो। तर, हालका दिनमा नामांकन र सीमांकन बिनाको संघीयता र प्रदेशको (८ प्रदेश) घोषणाले झन् ठूलो कुठाराघात भएको छ। केही व्यक्ति विशेषको दूरगामी र महत्वाकांक्षी क्षणिक स्वार्थले गर्दा आज देशलाई दल-दलको चपेटामा पार्न थालेको छ। संविधानको मस्यौदाको आज सर्वत्र विरोध भइरहेको छ। रायसुझावको सट्टामा आज दमन, यातना र बल प्रयोग भएको छ। सर्वसाधारणको मनोबल खसेको छ। राज्यबाट सुझावको नाममा भौतिक रूपमा जनतालाई दमन र निरूत्साहित गरिरहेको छ। मस्यौदा एक तर्फी भएकोले नै आज जनता आतंकित र त्रसित छन्।

राम्रो मस्यौदा आएको भए जनता खुशी हुन्थ्यो तर, खोई ? जबरजस्ती लादेर संविधान बन्दैन। हालसम्म ठूला पार्टीहरूका विज्ञ र बौद्धिक वर्गहरु मात्र संघीय आयोग, प्रदेश तथा सीमा विवादमा बहाल हुन्छ। समस्याको अवधि जस्तोसुकै होस् तर पछि परेकाहरूलाई समावेश हुँदैन भने हरेक क्षेत्रमा एकल जाति समूहको मात्र चलखेल हुन्छ।

तराई मधेशको बाटो बिगारेर, माटो काटेर पहाडको विकास कहिल्यै हुँदैन। यो न सोचे हुन्छ। अव्यवस्थित र अदूरदर्शी पुनर्वास तथा बसोबासले त तराई-मधेश मरूभूमिको चपेटामा पुग्यो। अब कहाँ पुऱ्याउने ? गएको भूकम्पलाई पुनः निर्माणका जुन कुरा छ अझ गहिरो र खुला पारदर्शी रूपमा सबै क्षेत्र (तराई-मधेश) को प्रतिनिधित्व हुने गरी पुनः निर्माणका योजना बन्नुपर्छ।

(क) संघीयता : हतार-हतारमा ८ प्रदेशको घोषणा र असन्तुलित कच्चा र विभेदकारी मस्यौदालाई सच्याउन अति जरूरी छ। आज विपत् र उत्पीडनमा परेका जनताको सम्बोधन भएको छ। तराई-मधेश त सौताका सन्तान छँदैछ। यदि समयमा सोच भएन भने देश असहज परिस्थितिमा जान सक्छ। अध्यात्मिक मनले निष्पक्ष रूपमा सोचौं कि तराई-मधेश पनि देशको अभिन्न अंग हो। यदि सोचेन भने देश अपाङ्ग हुन जान्छ। दुर्घटना हुन सक्छ।

(ख) नयाँ बजेट : तराई-मधेश ठूलो उत्पादकत्व क्षेत्र र अन्न भण्डारको क्षेत्र हो। त्यसैले ३-४ अर्ब खाद्यान्न लगायत चीजहरु आयात गर्नबाट बचोस् र केही राहत पुगोस्। पेट्रो, मट्टितेल, नुन र फलाम सामग्रीहरु यहाँ हुँदैन। तर, हुनेवाला चीजहरूमा लगानीको मात्रा बढाउनुपर्छ। तराई-मधेशको७५-८० प्रतिशत राजस्वबाट मुश्किलले १०-१५ प्रतिशत हिस्सा तराई-मधेशमा जान्छ। यो त खुला किताब र घाम जस्तै छर्लङ्ग छ।

(ग) सुरक्षा व्यवस्था : सुरक्षाको नाममा तराई-मधेशमा सशस्त्रलाई चाहिनेभन्दा बढी अधिकार नदिनुस् नत्र दुर्घटना हुन्छ। सशस्त्र प्रहरी ऐन, २०७२ लाई परिवर्तन खारेजी गर्नुपर्छ। मधेशका जनता संघीयताले गर्दा यसै पनि संवेदनशील भएछन् र त्यसमा पनि सशसत्रको बल मिचाई प्रयोग भएमा झन् खतरा हुन्छ। यसमा सोच हुन जरूरी छ। पहलको आवश्यकता छ।

(घ) विकास कार्यक्रम : क्षेत्रको आवश्यकता र संवेदनशीलता अनुसार बजेटको बाँडफाँट अथवा विनियोजन हुनुपर्छ। बजेटमा पूर्वाग्रही सोच राख्नु हुँदैन। हालको बजेटमा तराई-मधेशका जनता र बौद्धिक वर्ग समेत सन्तुष्ट छैन। यस्तो किन ? तराई-मधेशको विकास त देशकै विकास हो। हातखुट्टा बलियो भयो भने जीउ पनि बलियो हुन्छ। कृषि उत्पादनलाई दिगो बनाउन सिचाई प्रशस्त हुनुपर्छ तर त्यो छैन। सप्तरी-सिरहा ४/५ वर्षदेखि नै खडेरीको चपेटामा छ। सप्तरीको पूर्वी भाग चन्द्रनहर र कोशीको पश्चिम नहरले पूर्वी भागका जनतालाई मात्र राहत छ।

# जायज मागको रटान भित्रको षड्यन्त्र

*रामसुकुल मण्डल*

कैलाली जिल्लाको टीकापुर घटनालाई मध्यनजर गर्दै कर्फ्यु जारी गर्दा पनि थारूहरु कुटिएका र लुटिएका छन् । थारूहरूको घर, फुलबारी एफएम र थारूको रिसोर्टमा पनि सुरक्षा फौजको निगरानीमा तोडफोड गरिएको सूचना छ । नेपाली सेना परिचालन गर्दा पनि त्यहाँका थारूहरु कुटिन्छन्, घरमा तोडफोड हुन्छन् भने कर्फ्यु थारूका लागि मात्र जारी गरिएको हो भन्ने स्पष्ट बुझिन्छ । सरकारकै मिलेमतोमा थारूहरूमाथि कुटपिट भइरहेको थारु सभासद्हरूले आरोप लगाएका छन् । टीकापुर घटना वास्तवमै दुःखदायी र अकल्पनीय हो । सात जना सुरक्षाकर्मीसहित एक बच्चाको ज्यान गएको छ भने सयौं थारु आन्दोलनकारीहरूको हत्या गरिएको दाबी आन्दोलनरत् पक्षको छ । राज्यका सुरक्षा निकायले थारूहरूको जन र धन लुटेको गम्भीर आरोप आन्दोलनकारीहरूको छ । राज्य यो आरोपको खण्डन पनि गरेको छैन र हराइरहेका आन्दोलनकारीहरूको स्वाँस वा लाश सार्वजनिक गर्न सकेको छैन । राज्य दमनकै मार्फत्ले मधेश आन्दोलन मत्थर गर्न खोज्दैछ । जुन अब सम्भव छैन । आन्दोलित समुदायहरूको मागलाई न्यायोचित सम्बोधन गर्नुको साटो राज्यले सेना परिचालन गर्नु राम्रो कुरा होइन । सामाजिक सद्भाव कायम राखौं भन्ने तर, सरकारी दमन बन्द नगर्ने प्रवृत्तिका कारण टीकापुरको अवस्था दिनप्रति दिन जटिल बन्दै गएको छ । थारु सभासद्हरूका अनुसार कैयौं थारु आन्दोलनकारीहरु बेपत्ता पारिएका छन् । त्यसको यथार्थता सरकारले अहिलेसम्म सार्वजनिक गर्न सकेको छैन । सेना परिचालन गर्ने सम्बन्धमा राष्ट्रपतिले पनि असन्तुष्टि जनाइसकेका छन् । चौतर्फी सेना परिचालनको विरोध हुँदा पनि सरकार निरंकुशभैं आन्दोलनकारीहरूमाथि बल प्रयोग गर्दै दमनमा उत्रेको छ । मधेशमा एकपटक फेरि जनविद्रोह प्रारम्भ भएको छ ।

कैलालीमा प्रहरी अधिकारीसहित जवानहरूको हत्या पछि व्यक्त भएका विचारहरु देख्दा फेरि एकपटक मधेशी समुदाय नेपाली नभएर भारतीय नै भएको पुष्टि भएको छ । त्यतिमात्रै होइन यसको पुष्टि उपप्रधानमन्त्री एवं गृहमन्त्री बामदेव गौतमसम्मले पनि गरिसकेका छन् । सञ्चार माध्यमका केही संवादाताहरूले कैलालीमा हत्या गर्नेहरु मधेशी र त्यो पनि भारतीय रहेको आरोपसम्म लगाइसकेका छन् । नेताहरूले कैलालीको हत्याको चिहानमा आफ्नो राजनीतिक रोटी सेक्ने काम थालिसकेका छन् । तर, त्यसको उचित समाधान खोज्नको साटो यो रक्तपात पूर्ण माहौल बनाउन लागिपरेका छन् । घटना पछि सबै भावुक हुनु स्वाभाविक हो । मारिएका प्रहरी अधिकारीको परिवारजनको आक्रोश व्यक्त हुनु पनि स्वाभाविक हो । तर जसरी सञ्चारमाध्यमले यो घटनालाई प्रस्तुत गरिरहेका छन् त्यसले सञ्चार माध्यम एक्लो समुदायको भएको प्रस्तुति गरिरहेको छ । हतियार कसैको हुँदैन । जसले उपयोग गर्छ त्यसको हुन्छ । कैलालीको घटनामा प्रदर्शनकारी पनि मारिएका छन् । घटना त्यसै भएको पनि छैन । टीकापुरमा थारूहरु पिटिएका छन् हेपिएका छन् किनकि थारूहरु टीकापुरमा गैर थारूहरूको तुलनामा न्यून संख्या छन् । अखण्ड सुदुर पश्चिमको नाममा संघीयता विरोधी आन्दोलनलाई मलजल गर्ने नेताहरूले थारु टीकापुरमा पिटिन्छन् हेपिन्छन्, त्यसको हेक्का राखेनन् । उनीहरूले गैर थारूहरुद्वारा टीकापुर कब्जा गराएर थारूहरुको आन्दोलनलाई कमजोर एवं अर्थहीन बनाउने रणनीति लिएका छन् ।

अखण्ड सुदूरपश्चिमको आन्दोलन चर्काउने नेताहरूले भारतका सँाध सिमानामा नजोडिन आफूहरु मरेतुल्य हुने हीनताबोधबाट ग्रसित भएका छन् । तर अहिलेको राजनीतिक शक्तिकेन्द्रहरूको नाइकेहरूमा पश्चिमदेखि सुदुर पश्चिमका नै धेरै रहेका छन् । वर्तमान प्रधानमन्त्री सुशील कोइरालादेखि शेरबहादुर देउवासम्मको नेताहरूले संघीयतालाई समाप्त पार्नमा लागेको आरोपहरू लाग्दै आएका छन् । पूर्वप्रधानमन्त्री तथा कांग्रेसीहरूकै पूर्वसभापित गिरिजाप्रसाद कोइरालाको अवधारणा एवं अभिप्रायलाई कुल्चेर संघीयतालाई विकृत पार्न थालिसकेका छन् । उनीहरूले सके संघीयताको आवश्यकतालाई अनुचित प्रस्तुत गर्नसम्म पछि पर्दैनन् तर संघीयताको बाटो यति अगाडि बढिसकेको छ त्यसको परीक्षण नभए यो मुलुकलाई चरम सैनिक तानाशाह बाहेकको अर्को कसैले सक्दैनन । तर त्यसको सम्भावना पनि अब नेपालमा रहेको छैन । त्यसैले उनीहरुले संघीयतालाई बदनाम गराउन खोजिरहेका छन् । संघीयताबाट देश टुक्रिने आशंका र आफूहरु त्यसपछि चेपिने भयबाट भयभित भएर नेपाली राष्ट्रियताको आयामलाई विस्तार गर्न खोजिरहेका छैनन् । उनीहरूलाई लाग्छ यो मुलुक पहाडेहरूकै पुर्खाले आर्ज्याको हो । तर उनीहरूले बुझ्नु पर्ने विषय भनेको उनीहरूका पुर्खाले साना तिना बाइसे चौबीसे राज्यहरु जित्दा हरूवाहरूको राज्य मात्रै लुटेका थिएनन् उनीहरूको भाषा संस्कृतिसम्म लुटेका थिए ठीक त्यसरी जसरी विश्वलाई तरवारको धारबाट जित्नेहरूले गरेका थिए । आधुनिक राज्यको निर्माण कि तै त्यसैगरी भएको छ कि हक अधिकार माग्नेहरूले आफूलाई उपनिवेश बनाउने शासकहरूसँगको लडाइँमा रगत बगाएर लिएका छन् । जसको पछिल्ला उदाहरणहरूमा पूर्वी टिमोरलाई लिन सकिन्छ । तर नेपालको आर्थिक समाजिक सांस्कृतिक सम्बन्धको अवस्था त्यसभन्दा भिन्न छ । सहिष्णुताको अवस्था त्यस्तो रहेको छैन । तर राजनीतिक दलका पछिल्ला संकुचित व्यवहारले मधेशी लगायतका ठूला झुण्ड वा समूहमा बसेका आदिवासी जनजातिहरूमा आंशका जन्मिएको छ ।

अन्तरिम संविधानमा संघीयताको मागलाई स्थापना कुनै नेता विशेषको माग नभएर आम मधेशीहरूको आन्दोलन र ५४ जना मधेशी शहिदहरुको शहादतबाट भएको थियो । मधेशीहरूले त्यतिबेला मधेश सरकारसम्म लेखिसकेका थिए । त्यो अभिव्यक्ति मात्र संघीयता थिएन् । एक पछि अर्को गरी आन्दोलनमा आहुति दिने मधेशी सपूतका बलिदानहरुबाट व्यक्त आक्रोशका अभिव्यक्तिहरु थिए । झण्डै मधेशी र पहाडेबीचको सहिष्णुता समाप्त हुन थालेको थियो । तत्कालीन गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले ८ बुँदे सम्झौता गरेका थिए । त्यो ८ बुँदे सम्झौतामा स्वायत्त मधेश प्रदेश वा प्रदेशहरु हुनुपर्ने थियो । नेपाली सञ्चार माध्यमले मधेशीहरूले शहादतमा प्राप्त गरेको स्वायत मधेश प्रदेश हुनेछन् त्यसकोबारेमा कति चर्चा गरे बरु त्यो संघीयताको माग त देश टुक्राउने माग पो भन्ने नेताहरूको अन्तर्वाता प्रस्तुत गर्नमा बितायो । ती सञ्चारमाध्यमहरूले यसबारे आवाजविहीनहरूको आवाज कहिल्यै बनेन् । चित्र बहादुर केसी र कमल थापा जस्तो परम्परागत सत्ताधारी समुदायको हित प्रवर्द्धन गर्ने माग र नीतिको वकालत गरे । जबकि सञ्चार माध्यमको काम भनेको आवाजविहीनको आवाज बन्नु हुन्छ ।

संघीयता मागेका मधेशीहरूको एक प्रदेशलाई अन्य सरोकारवालहरूसँग बहुप्रदेशको बारेमा चर्चा चलाएको भए । संघीयतामा वर्तमान स्रोतसाधनको उपस्थिति र तिनको बाँडफाँडका साथै भएका स्रोतसाधनको प्रयोगको लागत खर्च जस्ता विषयमा कहिल्यै चर्चा चलाएन । त्यतिमात्रै होइन । सप्तरीमा मारिएका आन्दोलनकारीहरुको घरपरिवारको पीडालाई कहिल्यै ऊजागर गर्न खोजेको देखिएको छैन । हुन त सञ्चार माध्यमले प्रस्तुतिका विषयहरु सञ्चारमाध्यमको आफ्नो अधिकार भित्र पर्छ । तर केही आधारभूत विषय सबै सञ्चार माध्यमका लागि समान हुन्छन् । तिनको प्रयोग गरियो वा गरिएन् त्यसको पुनरावलोकन गरिएन । तर जब कैलालीमा प्रहरी अधिकारी मारिए तब सारा नेताहरूको अभिव्यक्ति संयम बनाउनुपर्ने तर्फ ढल्कियो । उनीहरूले यहाँसम्म भन्न सके कि मधेशी र थारूका जायज माग सम्बोधन गरिनेछन् । तर त्यो जायज माग भनेको के हो ? घडी ६ प्रदेश, घडी ८ प्रदेश र घडी ७ प्रदेशको आफूखुशी प्रान्तको विभाजनबाट जायज मागको पूरा हुन्छ । ती नेताहरूको चालबाजी बाहेक अरु केही होइन । उनीहरु देशमा रक्तपात निम्त्याउन खोजेका छन् । अझ अखण्ड नेपालभित्र सहिष्णुता कायम गरी संघीयताको स्थापनाको खोजी विगतमा भएका आन्दोलनहरुको मर्म एवं भावनाबाट पूरा हुन्छ । त्यसका लागि नेताहरूले सम्बोधन नगरीकन फतुरको जायज मागको रटान सुरु गरेका छन् जसले कुनै पनि निकास दिने संकेत गरेको छैन । जायज मागको रटान भित्रको षडयन्त्र सबैले बेलैमा बुझ्नु बुद्धिमानी हुनेछ ।

*(मधेश दर्पण फिचर सेवा)*




# मधेश आन्दोलनलाई सरकारको हेर्ने दृष्टिकोण

*उपेन्द्र झा*

जन अधिकारप्रति खेलवाड गर्ने यथास्थितिवादी शक्तिहरूको मनोमानीका कारण अन्ततः देश आन्दोलित भयो नै । समग्र मधेश आन्दोलित भएको छ । संघीयताविहीन संविधानको प्रारम्भिक मस्यौदा जलाउने कार्यबाट मधेशमा शुरु भएको विरोध आन्दोलनमा परिणत भएको छ । जङ्गबहादुर प्रवृतिका शासकहरूको स्वेच्छाचारिताका कारण कहिले आफ्नै कारणले कहिले शक्तिकेन्द्रको आड भरोसामा नेपालमा संविधान सभा अर्थहीन बन्यो । जनताको अधिकारको ग्यारेन्टी गर्न असफल संविधान सभा विरुद्ध जनताको आन्दोलन शुरु भयो । जनताको आन्दोलनलाई खेलौंची ठानेर दमन गर्न शुरु गरेपछि आन्दोलनमा उर्जा थपिदै गयो । झापा, मोरंग, सुन्सरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, रुपन्देही, नवलपरासी, कपिलवस्तु, दाङ, बर्दिया, बाँके, कैलाली, कंचनपुर लगायत पहाडका कतिपय जिल्लाहरूमा आन्दोलन दिनानुदिन बढ्दै गएको छ । श्रावण ४, ५ गतेदेखि शुरु भएको आन्दोलनलाई सरकारले कायरता तथा निर्ममतापुर्वक दबाउन खोजेको कारणले आन्दोलन सशक्त बन्दै गयो । संविधान सभा स्थापना भएदेखि संघीयता विरुद्धको नौटंकी जनताले आठ वर्षसम्म बर्दास्त गरेकै हो ।

आन्दोलन शुरु भएपछि सशस्त्र प्रहरी लगाएर सरकारले दमन गर्न थालेपछि जनता अझ सडकमा ओर्लिएपछि कुकुरलाई रोटीका टुक्रा फालेजस्तै आन्दोलनकारीलाई वार्तामा आउन सरकारको आह्वान शुरु भएको छ । विगतमा वार्ता गरेर चाँग लगाउने जङ्गबहादुरहरु फेरि वार्ताका लागि बोलाउन थालेको छ । कुकुरको पुच्छर जस्तै टेढो भएको खसवर्गीय शासकहरूको चरित्रलाई जनताले ८ वर्षमा राम्ररी थाहा पाएका छन् । शासकहरूको बदनियतको शिकार नेपाली राजनीतिको निकास अन्ततः आन्दोलन नै थियो । नेपाली राजनीतिलाई निरंकूशताको शिकंजामा कसेपछि आन्दोलनको परिस्थिति विकसित भएको हो । सबैकुराको छिनोफानो यही आन्दोलनले गर्ने भएकोले सबै यसैमा सहभागी भएका छन् ।

सरकारले एकातिर वार्ता र अर्कोतिर क्रूर दमनको दोहरो बाटो अख्तियार गरेकोले जनताले सरकारमाथि पटक्कै विश्वास गर्न सकेका छैनन् । आन्दोलन तीव्र रुपमा अगाडि बढेको छ । भाद्र ७ गते कैलालीको भिडन्तमा नेपाली जनताको आक्रोश तीव्र रुपमा अभिव्यक्त भएको छ । कैलालीको घटनाको गम्भीरतापूर्वक छानवीन गरि अगाडि बढ्नुको साटो सरकार अझै क्रूरतापूर्वक दमन गर्न नेपाली सेना परिचालन गरेको छ । सरकारको यो निर्णयले नेपाली जनतालाई दमनबाटै दबाउने निरंकूश मानसिकता प्रष्ट भएको छ । सरकारको यो कदमलाई सुरक्षाविद्हरुले आलोचना गरेपनि सरकार कति जनमुखी हो भन्ने कुरा प्रष्ट हुन्छ । गृहमन्त्री, के पी ओली, भीम रावल आदिहरूको उत्तेजित अभिव्यक्तिले द्वन्द्व अझै भडकिने कुरा प्रष्ट छ ।

श्रा□सरकारको जङ्गे प्रवृतिको निरंकूशता सप्तरीको भारदहमा आन्दोलनकारीसंगको भिडन्तमा प्रष्ट देखिएको छ । "हान बिहारीलाई" भनेर जथाभावी गोली चलाउँदा राजीव राउतको घटनास्थलमा र बनारसमा पढ्दै गरेको, घर आएको बेला घरको दरवाजामा भिडन्तलाई हेरि रहेको सन्तोष झा शहीद भए । दर्जनौं घाईते भएका छन् । मधेशीमाथि गोली चलाउन नमानेका तीन जना मधेशी प्रहरीलाई हिरासतमा लिई कूटपीट गरि अमानवीय ढंगले हत्या गरेको सरकारको निरंकूशताको योभन्दा अर्को प्रमाण के हुन सक्दछ । जनकपुरमा १२ वर्षको वच्चालाई सातजना सशस्त्र प्रहरीले घेरामा लिएर लट्ठीले कुटेर हत्या गरेको घटनाले त मानवाधिकारको कानूनलाई खुला चुनौती दिएको छ । बर्बर युगीन शासकीय व्यवहार यो सरकारले अहिले प्रष्ट रुपमा देखाउन थालेको छ । सरकारले मधेशको तीन जिल्ला कैलाली, रौतहट र सर्लाहीमा सेना परिचालनको निर्णय लिएको छ । यो विस्तारै मधेशभरि फैलिने कुरामा किञ्चित पनि शंका छैन । जेहोस् सरकारको यो आरपारको निर्णयले मधेश पनि निर्णायक आन्दोलनका लागि तयारी गरेको छ ।

कैलालीको घटनालाई लिएर सेना परिचालनको निर्णय लिनु तर जुन जिल्लामा सुरक्षाकर्मीद्वारा अमानवीय ढंगबाट हत्या भएकोछ, त्यसप्रति सरकारको चासो नहुनु कस्तो निष्पक्षता हो । मधेशीलाई स्वदेशी नबुझ्ने पहाडिया खस शासकहरूको अहिले देखिएको रवैया जङ्गबहादुरकालको सम्झना गराउँदछ । केपी शर्मा ओलीले कैलालीको भिडन्तमा आन्दोलनकारी नभई अपराधीहरु थिए भन्ने दिएको अभिव्यक्ति आन्दोलनकारीलाई झनै आक्रोशित तुल्याएको छ ।

कैलालीको घटना पछि मन्त्री परिषदको आकस्मिक बैठकले सैन्य परिचालनको निर्णय लियो, तर रौतहट र सर्लाहीमा सेना परिचालनको निर्णय लिनुको अर्थ सरकार धेरै कमजोर र हताश मनःस्थितिमा पुगेको जस्तो लाग्छ । राजनीतिको अनुकूल परिस्थितिबाट मदान्ध बनेका अहिलेका तथाकथित लोकतान्त्रिक सरकारको रवैया त विगतकालका पंचभन्दापनि गए गुज्रेको जस्तो अनुभव हुन थालेको छ । मदान्धतामा लिईएका निर्णयहरु सबै गलत रहेकोले त्यसको व्यापक विरोध हुँदै आएको हो ।

अर्थहीन निर्णयहरु मध्ये सेना परिचालनको निर्णय पनि गलत भएको छ । शक्ति सन्तुलन गर्न नजानेका खस शासकहरूको अहिले फेरि राजनीतिक असन्तुलन बढेको छ । भारतको ध्यानाकर्षण गराउन पनि जानी जानी सेना परिचालनको निर्णय आएको जस्तो लाग्छ । भारतलाई चिढाउने वा आकर्षित गर्ने उद्देश्यले सेना परिचालनको निर्णयमा यिनको के नियत लुकेको छ, बुझ्न गाह्रो छैन । मधेशमा सेनाद्वारा दमन गरेर कब्जामा लिने यो कमजोर शासकको बलबूतामा बिल्कुलै छैन । एउटाको ईशारामा मधेशलाई तह लाउने खसवर्गीय नियतलाई भारतले पनि राम्ररी नियाली रहेको छ । छिमेकमा आगो लागेको अवस्थामा भारत चुप लागेर बस्न सक्दैन । खसवर्गीय शासकहरूको मधेशप्रतिको अहिले देखिएको व्यवहार कति कृतघ्न छ, वर्णन गर्न गाह्रो छ ।

नेपालमा द्वन्द्व भडकाउने सुशील कोईराला, केपी शर्मा ओली तथा प्रचण्डको स्वेच्छाचारी विचार हो । मधेश विरोधी १६ बून्दे सहमतीलाई जवर्दस्ती लागू गर्न खोज्ने जङ्गे व्यवहारको परिणाम हो मधेश आन्दोलन । अहिले पनि गृहमन्त्री बामदेव गौतम, भीम रावल, केपी शर्मा ओलीको व्यवहार जनमुखी बन्न सकेको छैन । कैलाली घटना दुःखद हो । यसलाई साम्य पार्नुको सट्टा गृहमन्त्री बामदेव गौतमले भारतका आतंककारी पसेर घटना घटाएको भन्नु कसलाई खुशी पारेको हो थाहा छैन । यस्ता अभिव्यक्तिले आक्रोश बढ्ने हो कि घट्ने एजेन्टलाई के थाहा । कैलालीमा घटेको अप्रत्याशित घटना पछि भाद्र ८ गते अखण्ड सूदुरवालाले थारुहरूको घरमा आगो लगाई रहे तर सुरक्षाकर्मीले केही गरेन ।

कैलालीमा मात्र होईन, दमन गर्ने नियतले परिचालित सुरक्षाकर्मीहरु आन्दोलनकारीलाई हतोत्साहित गर्न मधेशको प्रायः सबै जिल्लामा गोली प्रहार गरि मानिस मार्ने अभियान नै चलाएको छ । रौतहटको सदर मुकाम गौरमा भाद्र ८ गते १८ वर्षीय राजकिशोर ठाकुर घर गई रहेको बेलामा पछाडिबाट प्रहरीले गोली हानी हत्या गरेको छ । हत्याका किसिम हेर्दा मधेशलाई दमन गरेर मातहतमा लिने खसवर्गीय शासकहरूको नियत बुझ्न अब कठीन भने छैन ।

सेना परिचालन गरेर सरकारले ठूलो गल्ती गरेको छ । त्यसमा पनि बामदेव गौतमको अभिव्यक्तिले त देश श्मशान बन्नेमा अलिकति पनि शंका छैन । केही दिनका लागि कैलालीमा सेनाको उपस्थिति देखिएपनि सेना परिचालन हुनेमा विश्वास छैन । मन्त्री परिषदको निर्णयको आधारमा ठाढो किसिमले सेनालाई परिचालित गर्नु आफैमा त्रुटिपूर्ण छ । सेना परिचालनबाट राष्ट्रपति पनि असन्तुष्ट देखिएका छन् । सारा संसार सरकारको सेना परिचालन सम्बन्धि अवैधानिक प्रक्रियालाई गम्भीरतापूर्वक हेरि रहेको छ । आजको युगमा स्वेच्छाचारिताको कहीं ठाउँ छैन । लोकतान्त्रिक सरकार भनिने तर व्यवहार भने जङ्गबहादूरको राख्ने व्यक्ति निश्चय पनि राज्य संचालनको लायक छैन ।

जाँड खाएर मातेको मानसिक असन्तुलन बिग्रेको बेलामा संविधान लेख्ने जँड्याहाले संविधान घोषणा हुनै लागेको बेलामा आन्दोलन ल्याएको मधेशी नेताहरूलाई आरोप लगाएका छन् । शीत बसन्तको गीत लेखेको पुस्तकलाई संविधानको मस्यौदा भनेर जनताको सहमती लिने यस्ता पाखण्डीको कारणबाट देश आन्दोलित भएको थाहै भएन । अझै के ढिपी लगाउँछन् भने जनताको अधिकार सुनिश्चित गर्ने संविधान आउने लागेको बेला कतिपय अराष्ट्रिय तत्वका मधेशीहरु यो आन्दोलन चलाएको हो । मातेको बेला जेपनि भन्न पाईन्छ, त्यो पनि नेपालमा । मधेश आन्दोलनलाई सरकारको हेर्ने दृष्टिकोण बिल्कुलै अपारदर्शी, अलोकतान्त्रिक तथा वर्गीय चरित्रबाट प्रेरित रहेको भान हुन्छ ।

सरकारको चरित्र र व्यवहारबाट मधेशमा उठेको आन्दोलनप्रति कडा प्रतिक्रिया दिनु अर्कै नियत रहेको पुष्टि गर्दछ । आफनो मनोबाँछित विचार लाद्न नसकेर अहिले सरकार आक्रोशित बनेको देखिएको छ । यो देश खसवर्गीय शासकहरूको मात्र हो भन्ने कुरा अहिलेको व्यवहारले देखाएको छ ।

अधिकारवादी आन्दोलन जनपद, सशस्त्र तथा सेनाबाट डराएर विसर्जनमा जाँदैन । मधेशको आन्दोलनलाई निस्तेज पार्न थारुलाई मधेशको विरुद्ध उतार्ने गरिएको साजिशले केही हदसम्म राज्य सफल भएको पनि थियो तर अहिले मधेशी, थारु, जनजाती, मुस्लिम, महिला आदिको सम्मिलित संगठित शक्ति सेनाबाट डराउँदैन । सुरक्षाकर्मीबाट दबाउने प्रयासले आन्दोलन झन् उत्कर्षमा पुग्ने कुरा सबैले जान्दछन् । मधेशको सामुन्ने उसको पहिलो र अन्तिम माँग समग्र मधेश एक प्रदेश नै हो, यसको लागि ऊ अधिकार नपाउँन्जेल लडि रहन्छ । उसको अधिकार पाउँदा मच्छरको उन्मुलन नै हुन्छ भने होस् । मधेशको अधिकार लिन हरेक मधेशी ज्यानको बाजी थाप्न तयार छ भन्ने कुरा यी शासकलाई बुझाई राख्नु पर्दैन । अहिले हरेक जिल्लामा सशस्त्र प्रहरीले सरकारको निर्देशनमा निर्दोष जनतालाई भुट्दै गई रहेको घटनालाई अन्तर्राष्ट्रिय जगतले पनि नियाली रहेको छ ।

**धर्म निरपेक्षताको विरोध राप्रपा नेपालका समर्थकबाहेक यिनै चार दलका समर्थकले उठाएका हुन् । धार्मिक स्वतन्त्रताको अधिकार मस्यौदामा उल्लेखित छ । र पनि धार्मिक स्वतन्त्रता दर्साउने कुनै राखी धर्म निरपेक्षता हटाउने प्रस्ताव किन ? धर्म निरपेक्षता र धार्मिक स्वतन्त्रता एकै कुरा हुन् र ? धार्मिक स्वतन्त्रता जनताका लागि हो र धर्म निरपेक्षता राष्ट्रका लागि । विरोधको यस आवाजमा धर्म निरपेक्षताले धर्म मान्ने अधिकार नदिने भ्रम फैलाउने प्रयास देखियो । बहुधार्मिक देशमा समानुपातिक समावेशीकरणका लागि धर्म निरपेक्षता अनिवार्य शर्त हो ।**

# वनमा सरुवाको नयाँ मापदण्ड

काठमाडौं । वन तथा भू-संरक्षण मन्त्रालयले ३९ बुंदे मापदण्ड बनाएर कार्यान्वयनमा ल्याएको छ । मन्त्रालयले वन प्रशासनलाई व्यवस्थित र पारदर्शी बनाउन कर्मचारी सरुवा, पदस्थापन र काजसम्बन्धी मापदण्ड ल्याएको हो ।

मन्त्रालयमातहत रहेका विभिन्न पाँचवटा विभाग र त्यसअन्तर्गत रहेका झण्डै १० हजार कर्मचारीको सरुवालाई वैज्ञानिक र व्यवस्थित बनाउन मन्त्रालयले सरुवा र पदस्थापन तथा काजसम्बन्धी मापदण्ड २०७२ लागू गरेको हो । कर्मचारी केन्द्रीय निकाय (सिपिए)को रुपमा रहेको सामान्य प्रशासन मन्त्रालयले सरुवा मापदण्ड बनाएर कर्मचारी सरुवा गर्न सबै मन्त्रालयलाई निर्देशन दिएको थियो ।

सामान्यको निर्देशनअनुसार वन मन्त्रालयले सरुवा मापदण्ड बनाएर कर्मचारी सरुवाको गृहकार्य थालेको हो । निजामती सेवा ऐनले हरेक मन्त्रालयलाई प्रत्येक वर्षको भदौ महिनामा मातहतका कर्मचारीलाई सरुवा गर्ने अधिकार दिएको छ । वन तथा भू-संरक्षण मन्त्रालयका प्रवक्ता कृष्णप्रसाद आचार्यले सबै विभागीय प्रमुख, वनसम्बद्ध सबै ट्रेड युनियनको स्वीकृतिमा सरुवा, पदस्थापन र काजसम्बन्धी मापदण्ड बनाएर कार्यान्वयनमा ल्याइएको जानकारी दिए । मन्त्रालयको सचिवस्तरबाट स्वीकृत गरेर कार्यान्वयनमा ल्याएको मापदण्डमा वनसम्बद्ध सबै ट्रेड युनियनका पदाधिकारीले हस्ताक्षर गरेका छन् ।

प्रवक्ता आचार्यले मापदण्डअनुसार नै कर्मचारी सरुवा हुने भएकाले निष्पक्षता कायम हुने दाबी गरे ।

मन्त्रालयले कर्मचारी सरुवाको गृहकार्य थालेपछि सरुवाका लागि जिल्ला वन अधिकृतलगायतका अधिकारीहरु आकर्षक स्थानमा जान दौडधुप थालेका छन् । तर, मन्त्रालयका प्रशासन महाशाखा प्रमुख सहसचिव किरणराज शर्माले मापदण्डको अक्षरशः पालना गरिने भएकाले सरुवाका लागि कुनै पनि भनसुन नहुने दाबी गरे ।

'मापदण्डअनुसार नै सरुवा गरिने भएकाले भनसुन र दौडधुपको अर्थ छैन,' प्रशासन महाशाखा प्रमुख शर्माले भने । सहसचिव शर्माले सरुवा मापदण्ड वनसम्बद्ध सबै पक्षको सहभागितामा ल्याइएकाले सबैले अपनत्वको भावना लिनुपर्ने बताए ।

सरुवाको नयाँ मापदण्डअनुसार विकट र दुर्गम स्थानमा दुई वर्षसम्म बसेका कर्मचारीलाई उनीहरूले मागेको स्थानमा सरुवा गरिनेछ । मापदण्डमा 'क' वर्गको भौगोलिक क्षेत्रमा न्यूनतम अवधि पूरा गरेका कर्मचारीलाई र 'ख' वर्गको भौगोलिक क्षेत्रमा न्यूनतम अवधि पूरा गरेका कर्मचारीलाई मागेको निकायमा सरुवा गर्न पहिलो प्राथमिकता दिइने उल्लेख छ । मापदण्डमा न्यूनतम अवधि पूरा नगरेका कर्मचारीलाई सरुवा नगरिने उल्लेख छ । यस्तै, मापदण्डअनुसार सेवा प्रवाह गर्ने निकाय तथा दुर्गम स्थानका कार्यालयमा पद रिक्त नहुने गरी सरुवा गरिनेछ । यसैगरी मापदण्डअनुसार अब मन्त्रालयले मातहतका कुनै पनि निकायमा पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि पूरा गरिसकेका कर्मचारीलाई पुनः सोही पदमा र सोही निकायमा दोहोर्‍याएर सरुवा नगर्ने भएको छ ।

मापदण्डअनुसार नेपाल सरकारबाट मनोनयन भई तीन महिनाभन्दा बढीको वैदेशिक अध्ययन तथा तालिम पूरा गरेर फर्केका कर्मचारीलाई दुर्गममा सरुवा गरिनेछ । यस्तै, विभिन्न अनियमिततामा मुछिएर विभागीय कारबाहीको प्रक्रियामा रहेका कर्मचारीलाई कारबाहीबाट उन्मुक्ति पाउने गरी सरुवा गरिनेछैन ।

सरुवा गर्दा मेडिकल बोर्डबाट सिफारिस भएर आएका बिरामी कर्मचारीलाई विशेष प्राथमिकता दिइने र मागेकै स्थानमा सरुवा गरिने मापदण्डमा उल्लेख छ । यसैगरी मन्त्रालयले मापदण्डमा भूकम्पमा परेर सख्त घाइते भएका, अंगभंग भएका, गर्भवती र सुत्केरी कर्मचारीलाई उनीहरूको इच्छाविपरीत अन्यत्र सरुवा नगरिने जनाइएको छ । मापदण्डअनुसार राम्रो कार्यसम्पादन गर्ने, सदाचारी र अनुशासित कर्मचारीलाई मागेको ठाउँमा सरुवा गर्न प्राथमिकता दिइनेछ ।

सशस्त्र वनरक्षक कर्मचारीको हकमा वन सुरक्षाको आवश्यकताअनुसार समूहगत रुपमा काजमा खटाउन तथा सरुवा गर्न सकिने र एउटै जिल्लामा तीन वर्षभन्दा बढी नराखिने गरी मापदण्ड बनाइएको छ ।

**वन अधिकृतको छुट्टै मापदण्ड**

जिल्ला वन कार्यालयका प्रमुखको रुपमा रहेका जिल्ला वन अधिकृत (डिएफओ)का लागि छुट्टै मापदण्ड बनाइएको छ । जसअनुसार दिगो वन व्यवस्थापन कार्यक्रम लागू भएका जिल्लामा जिल्ला वन अधिकृतसंग दुई वर्षको कार्यसम्पादन करार गरिएकाले दुई वर्ष अगावै सरुवा गरिनेछैन ।

जिल्ला वन अधिकृतलाई काज राख्ने परम्परालाई न्यूनीकरण गर्दै लगिनेछ । दिगो र वैज्ञानिक वन व्यवस्थापन लागू भएका जिल्लामा प्राविधिक ज्ञान र सीपयुक्त जिल्ला वन अधिकृतलाई पठाइनेछ । वन क्षेत्रमा संवेदनशील मानिएका बारा, रौतहट, कैलाली, सिन्धुली, उदयपुर, इलाम, डडेलधुरा, चितवन, मकवानपुर, दाङलगायतका जिल्लामा व्यावसायिक रुपमा दक्ष, अनुभवी र जेष्ठताका आधारमा सरुवा र पदस्थापन गरिनेछ ।

हाल बसिरहेका जिल्ला र त्यससंग प्रत्यक्ष जोडिएका जिल्लामा कसैको सरुवा नगरिने मापदण्डमा उल्लेख छ । दुर्गम जिल्लामा बसेर उच्च कार्यसम्पादन देखाएका जिल्ला वन अधिकृतलाई सुगम जिल्लामा सरुवा गरिनेछ ।

# जुनसुकै कानुन शंसोधन र खारेज हुनसक्छ ?

*शम्भु झा*

नेपाली सेना राज्यको सुरक्षाको लागि हो, नेपाली जनताको विरुद्धमा परिचालन र जातीय नरसंहार गर्नको लागि होइन । एक भाषा, एक भेष र एकल जातीय पहिचान र अहंकारी खस सोच र जातीय सेना, पुलिस, मीडिया र सत्ता, न्यालयको दम्भ र काँग्रेस, एमाले एकीकृत मावोवादीका पार्टीगत सोच का कारण मधेश विद्रोह र आन्दोलन भएको हो समानता, पहिचान र बराबरी को लागि अधिकारको आन्दोलन हो प्रसंग मधेश आन्दोलन को हो, जुन तरिकाले राज्य पहिले हिंस्रक प्रस्तुत हुन्थे अहिल्यै फरक केहि छैन झन् निर्मम र कठोर बनेको छ आफ्नो अधिकरका लागि राजनीतिक माग राख्दै सद्भावना पार्टीले गरेको २५ वर्षको राजनीतिक लडाई, २०६२/६३ को प्रथम मधेश आन्दोलनका अगुवा मधेशी जनाधिकार फोरम र तेस पछिका दोश्रो आन्दोलन का निर्णायक पार्टी तमलोपा, लगायत मधेशका विभिन्न पार्टीले मधेशको राजनीतिकमांग शान्तिपूर्ण तरिकाले राख्दै आएको सम्पूर्ण जनतालाई थाहा छ र राज्यले मधेशी जनतासंग २२ बुदे, १६ बुदे सम्झौता पनि गारेका छन् तर परिबर्तन नचाहने, खस शासक मधेशी र थारूलाई अधिकारविहीन गरि शासन गर्न खोजने पार्टी काँग्रेस, एमाले र खसबदीले जुन तरिकाले मधेशी जनतालाई संबिधान सभा बाट आलग्यौदै छ र सहमति सम्झौतामा धोका र विभेद गरिदै छ यो निश्चित नै नेपालको कालखण्डमा दुर्भाग्यपूर्ण हुनेछ र हुनसक्छ ।

हरेक मधेशीमाथि प्रथम आन्दोलनमा राज्यको आडमा जुन तरिकाले पुलिस प्रशासनलाई परिचालित गरि काँग्रेस र एमालेको सरकार मधेशी जनता को निर्मम हत्या गराए र अहिले गराई रहेको छन् यो निन्दनीय छ अधिकार प्राप्ति को आन्दोलन मा राज्यले गरेको आतंक झन् पीडादायी हिंस्रक अमानबिय ,क्रुर बर्बर आताताायी घटना र गोलि हानी मधेशीको हत्या पुलिस प्रशासन र सेनाले मधेशमा गरेका छन् निहात्ता र अधिकारविहीन मधेशी जनता माथि यो सरकार र राज्यको सन्की, अहंकारबादी अकर्मन्यता र घोर सम्प्रदियक चरित्र प्रस्ट भएको छ । पुलिस, प्रशासन र सेना भनेको जनता को सेवक को र देश को सुरक्षा को लागि न कि काँग्रेस र एमाले को इशारामा नाच्ने र मधेशी जनता माथि बर्बर दमन र हत्या गर्न मधेशी जनता को जायज मांग सम्बोधन नगरी जनता को आबाज दबाउन खोज्दा प्रथम मधेश आन्दोलनमा मधेशका ५४ आन्दोलनकारीको निर्मम हत्या राज्यले गरे त्यो पिडाको छन् भुल्न नपाउदै जनता लाई षड्न्त्रपूर्वक पुनः अधिकारविहिन गर्दा र जनताले जायज मांग राख्दा जनताको पिडा र मांग नसुन्ने तर जनता हो हत्या गर्न अगाडी बढ्ने सरकार र शासक नेपाली मधेशी जनताको हुदै होइन भन्ने भान हुन्छ॰ अहिले मधेशी जनताको समग्र मधेश एक प्रदेशको मागलाई बेवास्ता गर्दा र मधेशलाई ६ टुक्रामा बिभाजन गर्दा जनता को आक्रोश र पिडा छदै छ तर पनि १५ दिन देखि भइरहेको आन्दोलनलाई दंग्गा देख्ने मधेशीले आफ्नो मांग राख्दा साम्प्रदायिकता बुझ्ने राज्य, काँग्रेस एमाले, एकीकृत मावोबादीको सरकार, मीडिया, मानवाधिकारवादी अहिले मधेशमा भैरहेको हत्याको दोषी हो ?

हिजो जुन घटना कैलाली को टिकापुर मा भयो यो जनता को आवाज दबाउने, दमन गर्ने ,हिंस्रक सरकारले जनतालाई हत्या गर्ने र गोलि हन्नी मर्ने तर निकाश र समाधानलाई नजरअन्दाज गर्दा भएको दुखद् घटना यसको उपज हो यसबाट राज्य गम्भीर हुनुपर्छ र नत्र यो भन्दा ठुलो बिद्रोह र घटना हुनसक्छ किनकि लाखौ मधेशी र थारु सडक र आन्दोलनमा आएको छ मधेश मा निर्मम हत्या र सेना आतंकारी साबित गर्न र निहात्ता जनता मार्न अधिकारको आन्दोलन लाई दङ्गा बनाई मधेशमा सेना परिचालन गरि निर्दोषी आन्दोलनकरी लाई गोलि ठोकी हत्या गर्न निर्देशन दिसकेको अवस्था छ र जातीय सेनाले मधेशी र थारु आन्दोलनकरी धरपकर ,पक्राउ, निर्मम यातना दिनु र हत्या गर्ने काम राज्य र सरकारले सुरु गरिसकेको छ॰ यस को विरुद्ध बोल्ने कुनै मीडिया छैन मनाबधिकारबादी छैन कैलाली घटनामा सैयो आन्दोलनकारी हत्या गरिएर बेपता बनाएको जानकारी थारु सभासदहरूले दिराखेको छ तर राज्य र मीडिया र गृहमन्त्री, पुलिस, सेना सबैले यस घटना लुकाई राखेको छ कैलाली को सुरक्षाअधिकारी हेरफेर गरेको छ आफु निकट पुलिस र प्रशासनलाई कैलाली पठाएको छ

**हरेक मधेशीमाथि प्रथम आन्दोलनमा राज्यको आडमा जुन तरिकाले पुलिस प्रशासनलाई परिचालित गरि काँग्रेस र एमालेको सरकार मधेशी जनता को निर्मम हत्या गराए र अहिले गराई रहेको छन् यो निन्दनीय छ अधिकार प्राप्ति को आन्दोलन मा राज्यले गरेको आतंक झन् पीडादायी हिंस्रक अमानबिय ,क्रुर बर्बर आतातायी घटना र गोलि हानी मधेशीको हत्या पुलिस प्रशासन र सेनाले मधेशमा गरेका छन् ।**

परिचालन गरि आतंक बन्द गरि मधेशी र थारु को जायज माग सोम्बोधन गरिनुपर्छ॰ मधेशी को देश नेपाल हो तर यहाका राज्य होइन, पुलिस होइन, सेना होइन, सरकार होइन, मीडिया होइन, मानवाधिकारबादी होइन, राज्य हिंस्रक हुँदा र जनता को सडकमा आई १५ दिनसम्म निरन्तर शान्तिपूर्ण आन्दोलन हुदा सम्बोधन नहुनु कोहि नबोल्नु समाधान नाखोजिनु र आन्दोलन दबाउन खोज्नु र सेना परिचालन मधेशको भूभागमा गरिनुले यो पुस्टि हुन्छ ।

सप्तरीको भारदह मा शान्तिपूर्ण आन्दोलनमा गोलि चलाई राजिब राउतको छातीमा गोलि हानी निर्मम हत्या गरिनु, रौतहटको गौरमा राजकिशोर ठाकुरलाई छातीमा गोलि हानी निर्मम हत्या गरिनु र हजारौ आन्दोलनकारी माथि गोलि बर्साउनु निहात्ता शान्तिपूर्ण आन्दोलन दबाउन खोज्नु , रुपन्देही को भैरहवा मा शान्तिपूर्ण आन्दोलनमा पुलिस र प्रतिकार समूह मिलि सुनिल यादव , दुर्गेश यादव र शैलेन्द्र श्रीबस्तावलाई निर्मम हत्या गरिनु सम्प्रदियिकता राज्यले फैलाउनु र कर्फु र निषेधित क्षेत्रलगाई मधेशी र थारुहरु को घर जलाउनु, पुलिस र सम्प्रदियक सोचका मानिसद्वारा निहत्था मधेशीमाथि आक्रमण हुनु, दमन हुनु र कैलालीमा कर्फ्यु र सेना परिचालन गरि आन्दोलनकारीलाई बेपता बनाई हत्या गरिनुले यो प्रस्ट हुन्छ कि मधेशीले आफ्नो सुरक्षा आफै गर्नु पर्छ मधेशी मर्न जुनसुकै कानुन संसोदन खारेज हुनसक्छ नियम कानुन मधेशी मर्न छैन । पुलिस र सेना भनेको पहाडी शासकको मात्रै हो, सरकारको गृहमन्त्रीले त मधेशीलाई जिहादी र काँग्रेस र एमालेले आन्दोलनलाई मत्थर पार्न र निहात्ता आन्दोलनकारी थारुहरु र मधेशी मार्न सेना मधेशमा पठाएको छ जुन सेना देश बिरुद्ध राष्ट्रघाती लिपुलेख र देश बेच्न काँग्रेस र एमेला नेताहरु समू चाकरी गर्छन र मुखादर्सक हुन्छन तर अहिले मधेशी आन्दोलनलाई दबाउन र बल प्रयोग गरि जनता हत्या गर्न मधेश गएको छ राज्य, सरकार, सेना, पुलिस, मीडिया मधेशीको होइन यसबाट सजिलै बुझ्न सकिन्छ ।

मधेशीको देश मात्रै हो नामका लागि नेपाल यस देशमा लुकेको पीडादायी अधिकारबिहिन मधेशी र थारुको राज्यसंग लगाब नै छैन सरकार, मीडिया र पहाडी नेता र जनता ले बुझ्ने कोसिस गरेन कहिल्यै राज्य मधेशीसंग हिंस्रक र अमानवीय र बर्बर दमन मात्र गरे मधेशीलाई राज्यले नेपालीरुपी मुकुण्डो लगाएर देशमात्र सजाउने गरे दुख, पिडा, मर्म कहिले बुझेन समानता र बराबरीको हिसेदार मधेशीलाई कहिले बनाएन मधेशीमाथि राज्यले गरेको शोषण, दमन, हत्या, कटुता, दुर्व्यवहार नै कैलाली घटना मुख्य कारक संदेश हो । राज्य अहिल्यै गम्भीर हुनु जरुरि छ । मधेशी र थारुलाई अधिकार सम्पन्न बनाउनु पर्छ । अनि राज्यमा सजाउनु पर्छ । न कि सेना परिचालन गरि मधेशमा दमन गरि हत्या गर्नु यो समस्याको समाधान होइन । राजनीतिक निकाश हुनुपर्छ पहिचान र सम्मान का साथ मधेशी र थारुलाई राज्यले संविधानमा अधिकार सम्पन्न बनाई 'समग्र मधेश एक प्रदेश' को सुनिश्चितता गर्नुपर्छ जनता को भाबना लाई टुक्रा गर्नुहुदैन । यो नै नेपाल को शान्तिका लागि मुलमन्त्र हुनसक्छ ।

## खेलकुद

### एन्फा साधारणसभा रोकियो

काठमाडौं । पुनरावेदन अदालतको अन्तरिम आदेशपछि १६ हुने भनिएको अखिल नेपाल फुटबल संघ (एन्फा)को १५औं साधारणसभा स्थगित भएको छ । अन्तरिम आदेशलगत्तै मंगलबार बसेको एन्फा कार्य समिति बैठकले साधारणसभा तत्काललाई स्थगित गर्ने निर्णय गरेको छ । साधारणसभाका लागि जिल्ला प्रतिनिधि काठमाडौं आइसकेका छन् ।

संघकै उपाध्यक्षद्वय विजयनारायण मानन्धर र कर्मा छिरिङ शेर्पा तथा केन्द्रीय सदस्य पंकज नेम्वाङले विधानविपरीत साधारणसभा गर्न लागेको भन्दै पुनरावेदनमा रिट दायर गरेका थिए । सो रिटमाथि न्यायँधीश मोहनबहादुर कार्कीको एकल इजलासले एन्फाको साधारणसभा स्थगित गर्न अन्तरिम आदेश जारी गरेको हो । दुवै पक्षलाई बिहीबार थप छलफलका लागि अदालतमा उपस्थित हुनु भनिएको छ ।

'निवेदकहरु एन्फाका निर्वाचित उपाध्यक्ष र सदस्य भएको पाइएको छ,' अन्तरिम आदेशमा भनिएको छ, 'सुविधा र सन्तुलनका दृष्टिकोणबाट १७ भदौसम्म साधारणसभाको कुनै पनि कार्य नगर्नु–नगराउनु भनी विपक्षीका नाममा पुनरावेदन अदालत नियमावली ०४८ को नियम ३३ कबमोजिम अन्तरिम आदेश जारी गरिएको छ ।'

एन्फाले १५ दिनअघि एजेन्डा पठाएर कार्य समिति बैठक बोलाउनुपर्ने र कार्यसमितिले पास गरेका एजेन्डा दिएर साधारणसभाका लागि ६० दिनअघि जानकारी गराउनुपर्ने विधानको प्रावधानलाई एन्फाले पालना नगरेको उपाध्यक्षद्वयको भनाइ छ । एन्फाले जिल्ला कार्यसमिति र क्लबलाई २१ दिनअघि मात्रै साधारणसभाबारे जानकारी गराएको थियो । उनीहरूले आफूहरु निर्वाचित सदस्य भएर पनि एन्फाले कार्यसमिति बैठक र साधारणसभामा नबोलाएको बताएका छन् ।

### लिभरपुलको विजयी सुरुवात

काठमाडौं । लिभरपुल कलेजले एनसेल यू–१८ अन्तरकलेज बास्केटबल प्रतियोगितामा मंगलबार विजयी सुरूवात गरेको छ । उद्घाटन खेलमा लिभरपुलले ट्रिनिटी इन्टरनेसनल कलेजलाई ४६–३७ ले पराजित गऱ्यो । लिभरपुलका लागि आशिष बस्नेतले १८ स्कोर गरेका थिए । पहिलो क्वार्टरमा ६–१३ ले पछि परेको लिभरपुलले त्यसपछिको खेलमा अग्रता कायम गर्दै जित हात पाऱ्यो । लिभरपुलले दोस्रोमा १५–९, तेस्रोमा १०–९ र चौथोमा १५–६ स्कोर गऱ्यो । नेपाल बास्केटबल संघको प्राविधिक सहयोगमा एनसेलद्वारा आयोजित प्रतियोगितामा मोर्गन र प्राइमले पनि जित हात पारे ।

मोर्गनले जेम्सलाई ६८–३३ ले हरायो । मोर्गनको जितमा डेन्जु गुरूङले १३ स्कोर गरेका थिए । मोर्गन चारै क्वार्टरमा हाबी रह्यो । पहिलोमा २०–१० को अग्रता बनाएको मोर्गनले अन्तिमसम्म अग्रता कायम राख्यो । मोर्गन दोस्रोमा १६–९, तेस्रोमा १५–६ र चौथोमा १७–८ स्कोरले अगाडि रह्यो ।

यसैगरी प्राइमले डिएभी कलेजलाई ६३–१० को फराकिलो अन्तरले पन्छायो । प्राइमका निश्चल महर्जनले १२ स्कोर गरेका थिए । प्राइमले पहिलोमा २०–२, दोस्रोमा ११–२, तेस्रोमा १५–० र चौथोमा १७–६ को प्रदर्शन गऱ्यो । प्रतियोगिताको नेपाल बास्केटबल संघका वरिष्ठ उपाध्यक्ष नरेन्द्र थापाले उद्घाटन गरे । प्रतियोगितामा विभिन्न कलेजका १६ पुरूष टिम सहभागी छन् । विजेताले एक लाख, उपविजेताले ७५ हजार र तेस्रो हुनेले ५० हजार रूपैयाँ हात पार्नेछन् । फाइनल २६ भदौमा हुनेछ ।

### २२ वर्षपछि श्रीलंकामा भारतलाई सिरिज

कोलम्बो । भारतले २२ वर्षपछि श्रीलंकाली भूमिमा टेस्ट सिरिज जितेको छ । भारतले मंगलबार तेस्रो तथा अन्तिम टेस्टमा श्रीलंकालाई ११७ रनले हराउँदै सिरिज कब्जा गरेको हो । भारतले तीन टेस्ट खेल २–१ ले हात पारेको हो । विराट कोहलीको कप्तानीमा भारतले पहिलोपटक टेस्ट सिरिज हात पारेको हो । भारतले श्रीलंकालाई चौथो इनिङमा ३८६ रनको लक्ष्य दिएको थियो ।

टेस्टको मंगलबार पाँचौं तथा अन्तिम दिनमा श्रीलंका ८५ ओभरमा २६८



रनमा अलआउट भयो । अन्तिम दिन टेस्ट जित्न श्रीलंकालाई ३१९ रनको आवश्यकता थियो । श्रीलंकाले दिनको सुरूवात ६७–३ को अवस्थामा गरेको थियो । श्रीलंकाको दोस्रो इनिङमा कप्तान एन्जेलो म्याथ्युज २२ तथा कौशल सिल्भाले २४ रनबाट खेल प्रारम्भ गरेका थिए । सो ब्याटिङ इनिङमा कप्तान म्याथ्युजले पाँचौं र छैटौं विकेटका लागि उत्कृष्ट साझेदारी गरे ।

म्याथ्युजले पाँचौं विकेटका लागि थिरिमानेसँग ३३ रन जोडे । त्यसपछि म्याथ्युजले छैटौंका लागि परेरासँग १३५ रनको साझेदारी गर्दै श्रीलंकालाई २४२–६ को अवस्थामा पुऱ्याए । परेराले १०६ बलमा ७० रनको योगदान दिए । उनले ११ चौका प्रहार गरेका थिए ।

त्यसपछि कप्तान म्याथ्युजले अन्य विकेटका लागि गतिलो साथ पाएनन् । जसका कारण श्रीलंकाले अन्तिम चार विकेट २६ रनभित्र गुमायो । म्याथ्युजले २४० बलको सामना गरी ११० रनको योगदान दिए । उनले १३ चौका ठोकेका थिए । भारतका लागि रविचन्द्रन आश्विनले ६९ रन खर्चेर चार विकेट हात पारे । सिमर इशान्त शर्माले ३२ रन दिंदै तीन विकेट लिए । तेस्रो टेस्टमा भारतका चेतेश्वर पुजारा म्यान अफ दी म्याच घोषित भए । भारतकै रविचन्द्रन म्यान अफ दी सिरिज भएका छन् ।

## रङ्गीन खबर

# 'अंग प्रदर्शनले मात्रै फिल्म क्षेत्रमा टिकिँदैन'



पछिल्लो समय कलाक्षेत्रमा आ□नो भबिस्य खोज्ने युवा युवतीको भिड नै लागेको छ । यहि भिडमा समावेश छिन्, झापाकी सुजना ढकाल । चलचित्रमा नायिका बन्ने लक्ष्यसहित कलाक्षेत्रमा प्रवेश गरेकी सुजनाले अभिनयको सुरूवात म्युजिक भिडियोबाट गरेकी हुन् ।

दुई दर्जन म्युजिक भिडियोमा अभिनय गरिसकेकी सुजना मोडलिङ क्षेत्रमा चर्चित छिन् । एसएलसी पास गरेलगत्तै आकांक्षा बस्यालको 'तिमीले त जे गरेपनि....' बोलको गीतबाट कला क्षेत्रमा प्रवेश गरेकी सुजना चलचित्र अभिनयमा रमाउन चाहान्छिन् ।

सुजनाले अभिनय गरेका विवेक थापाले निर्देशन गरेको प्रेमी र दिनेश पौडेलले दिर्नेशन गरेको लुटेरा प्रर्दशनको तयारीमा छ । त्यस्तै सुजना रिमेश अधिकारीको निर्माण गर्न लागेको 'नालापानी'मा पनि अनुबन्धित भएकी छिन् । फिल्मको भदौ २५ गतेबाट छायाँकन सुरू हुँदैछ ।

फिल्ममा हिरोइन हुन अभिनय, नृत्य साथै शारिरिक बनावट आकर्षक हुनुपर्ने उनको बुझाइ छ । उनी भन्छिन्, 'फिल्म ग्ल्यामर फिल्ड भएकाले अलिकत खुल्नै पर्छ, तर कुन हदसम्म भन्ने कुरा आफूमा भर पर्छ ।' फिल्म क्षेत्रमा अंग प्रर्दशनले टिक्न नसकिने सुजना बताउँछिन् ।

## हौसिए दारूवाला

अभिनेता निखिल उप्रेतीको निर्देशनमा बनेको 'भैरव' फिल्मका दुई गीत अहिले चर्चामा छन् । दुवै गीत 'नाच



भैरे नाच' र 'दिलको मामिला' २१ वर्षीय जोहान दारूवालाले गाएका हुन् । गीतको चर्चासँगै उनी हौसिएका छन् । 'पाएसम्म नेपाली गीत गाउन छुटाउनेछैन,' केही दिनअघि मुम्बईबाट काठमाडौं आएका दारूवालाले भने, 'मेरो गीत सबैले मन पराएका छन् । त्यसैले म हौसिएको छु ।'

'भैरव'मा जोहानले संगीतकार सुरेश अधिकारीको संगीतमा स्वर दिएका हुन् । उनी बलिउडमा पार्श्व गायकका रूपमा पनि 'डेब्यु' गर्दै छन् । त्यो भन्दा पनि बढी उनलाई भैरवकै गीतका कारण सुशील पोखरेल, माधव वाग्ले, वसन्त सापकोटा, गोपाल कायस्थलगायतले आगामी फिल्ममा गीत गाउन दिने वचन दिइसकेका छन् । त्यसैले, उनको खुट्टा भुइँमा नभएको गाइँगुइँ चलेको छ । त्यसो त उनी आफैँले पनि भनेका छन्, 'बलिउडमा स्थापित भएछु भने पनि नेपाली गीत मेरो प्राथमिकतामा पर्नेछन् ।'

## विजेता खेलाडीमाझ रेशम फिलिली



शुक्रबारदेखि पुनः प्रदर्शन गरिएको फिल्म 'रेशम फिलिली' मंगलबार जयनेपाल हलमा अन्डर १९ नेपाली फुटबल विजेता टिमलाई विशेष 'सो' गरियो । निर्माता माधव वाग्लेले नेपालले २२ वर्षपछि हासिल गरेको सफलताको खुसीयाली मनाउन विशेष सो गरेको जानकारी दिए ।

वैशाख ११ मा रिलिज भएको रेशम फिलिलीले राम्रो व्यापार गर्ने अनुमान थियो । तर, १२ वैशाखको भूकम्पले प्रदर्शन रोकिएपछि फिल्म गत शुक्रबारदेखि प्रदर्शन सुरू गरियो । प्रवण जोशी निर्देशित फिल्म राजधानीका १४ र मोफसलका २० गरी कुल ३४ हलमा प्रदर्शन भइरहेको छ । फिल्ममा विनय श्रेष्ठ, मेनुका प्रधान, कामेश्वर चौरसिया, कर्मालगायतले अभिनय गरेका छन् ।

## कलाकार संघको चुनाव अनिश्चित

नेपाल चलचित्र कलाकार संघको २३ भदौमा हुने भनिएको निर्वाचन स्थगित भएको छ । गैरकलाकारलाई सदस्य बनाइएको भन्दै संघका सदस्य तथा महासचिव पदका उम्मेदवार सञ्जय खतिवडाले जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा उजुरी दिएपछि प्रशासनले अधिवेशन अनिश्चित कालका लागि स्थगित गर्न आदेश दिएको हो ।

संघका अध्यक्ष नवल खड्काले सिडिओ कार्यालयले कलाकर्मीलाई बोलाएर छलफल गरेर सो आदेश दिएको बताए । संघले गैरसदस्यताबारे छानबिन गर्न अभिनेत्री वसुन्धरा भुसालको संयोजकत्वमा मोहन निरौला र कृष्ण मल्ल सदस्य रहेको विशेष समिति गठन गरेको छ ।

लय संग्रौला र रामकेशर बोगटी संघको अध्यक्षका लागि प्रतिस्पर्धीका रूपमा देखिएका छन् ।

## दसैँमा सुश्री




स्क्रिप्ट राइटर शिवम अधिकारीको पहिलो निर्देशन फिल्म 'सुश्री' दसैंको फूलपाती (कात्तिक-३)मा प्रदर्शन हुने भएको छ । 'कमेडी लभस्टोरी' 'सुश्री'का निर्माता आत्मराम थापा हुन् ।

फिल्ममा आर्यन सिग्देल, आशिका तामाङ, सुरबिना कार्कीलगायतले अभिनय गरेका छन् । निर्देशक शिवमकै लेखन रहेको सुश्रीसँगै यसपालिको दसैंमा अन्य तीन फिल्म- परदेशी, अर्धकट्टी र ठमेल डटकमको भिडन्त हुँदै छ । सुश्रीको वितरक रोहित कट्टेल हुन् ।

## कर्पोरेट

## थानकोटमा ग्लोबल आइएमई

ग्लोबल आइएमई बैंक लिमिटेडले सोमबार काठमाडौंको थानकोटमा शाखा विस्तार गरेको छ । सो शाखाको बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले उद्घाटन गरे । त्यस अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत अनिल ज्ञवाली र नायब प्रमुख कार्यकारी अधिकृत जनक शर्मा पैड्यालको उपस्थिति थियो ।

थानकोटको शाखा बैंकको ८८औं हो । काठमाडौं उपत्यकामा मात्र ३१ शाखा पुगेको बैंकले जनाएको छ । 'सबैका लागि बैंक' भन्ने मूल नाराका साथ सञ्चालन भएको बैंकले अत्याधुनिक प्रविधिबाट ग्राहकलाई सेवा दिइरहेको जनाएको छ । बैंकले आधुनिक मोबाइल सेवा, अनलाइन बैंकिङ शाखा र रेमिट्यान्स सेवा दिइरहेको जनाएको छ ।

## अन्तर्राष्ट्रिय ब्रान्डका सोरूम खुल्दै

विभिन्न ख्यातिप्राप्त अन्तर्राष्ट्रिय ब्रान्डका इटालियन जुत्ता, ब्यागसहित पुरूषका सर्ट, सुट र बालबालिकाका पहिरनका सोरूम राजधानीमा खुल्ने भएको छ । नेपालको आरपी समूहसँगको सहकार्यमा विख्यात इटालियन ब्रान्ड दा मिलानो इटालियाका फेसनेबल ब्याग, रोसो ब्रुनेलो ब्रान्डका जुत्ता र एक्ससरिजसहितको सोरूम खुल्न लागेको हो ।

यसैगरी, विख्यात सिपी कलरप्लसका सर्ट, इन्डियन टेरानका सर्टिङ सुटिङ र रिग ब्रान्डका बालबालिकाका सम्पूर्ण पहिरनसमेत सोरूममा उपलब्ध हुने समूहले जनाएको छ ।

## तिनाउ बैंकमा श्रेष्ठ

तिनाउ विकास बैंकको प्रमुख कार्यकारी अधिकृतमा प्रदीपकुमार श्रेष्ठको पुनः नियुक्ति भएको छ । सञ्चालक समितिको निर्णयले श्रेष्ठलाई थप कार्यकालका लागि प्रमुख कार्यकारी अधिकृतमा पुनः नियुक्ति गरेको बैंकले जनाएको छ । प्रमुख कार्यकारी श्रेष्ठसँग बैंकिङ क्षेत्रको व्यवस्थापकीय तहमा करिब १७ वर्षभन्दा बढी काम गरेको अनुभव छ ।

रूपन्देही, नवलपरासी र चितवन जिल्ला कार्यक्षेत्र भएको यस बैंकले केन्द्रीय कार्यालयसहित ११ वटा शाखाबाट बैंकिङ सेवा प्रदान गर्दै आइरहेको जनाएको छ । गत आर्थिक वर्षमा बैंकले २ अर्ब ३८ करोड रूपैयाँ निक्षेप संकलन तथा १ अर्ब ८१ करोड रूपैयाँ कर्जा लगानी गरी ६ करोड ४० लाख रूपैयाँ सञ्चालन मुनाफा गरेको छ ।

उक्त मुनाफाबाट बैंकले १८ प्रतिशतले बोनस सेयर तथा कर प्रयोजनार्थ ०.९४७३६८ प्रतिशतले नगद लाभांश वितरण गर्ने निर्णय पनि गरिसकेको छ । हाल बैंकको चुक्ता पुँजी १८ करोड ५१ लाख ५० हजार रहेको र लाभांश वितरण रकमलाई पुँजीकृत गरेपछि २१ करोड ८४ लाख ७७ हजार पुग्ने बैंकले जनाएको छ ।

## हिमालय एयरलाइन्स र पेलेसिसबीच सम्झौता

हिमालय एयरलाइन्सले, पेलेसिस क्यानडासँग दीर्घकालीन सेवा सम्झौतामा हस्ताक्षर गरेको छ । यो उड्यन क्षेत्रमा अग्रणी प्रशिक्षण समाधान प्रदायक संस्था हो । हिमालय एयरलाइन्सले आफ्ना उडान चालक र अन्य कर्मीहरूलाई अनलाइन र अफलाइन प्रशिक्षण पाठ्यक्रम र सेवा उपलब्ध गराउन यस्तो सेवा सम्झौता गरेको हिमालय एयरलाइन्सले जनाएको छ ।

पेलेसिसले हिमालय एयरलाइन्सलाई आफ्नो समग्र प्रशिक्षण व्यवस्थापन प्रणाली र अन्य सेवा दिनेछ । पेलेसिस क्रिउप्याड, ट्याब्लेट आधारित अफलाइन एलएमएस मञ्चले हिमालय एयरलाइन्समा आबद्ध उडान चालक र अन्य कर्मीहरूलाई अनलाइन वा अफलाइन प्रशिक्षण तथा अडिट नियन्त्रण र डाटा सुरक्षा सेवा पनि एकै साथ दिने कम्पनीले जनाएको छ । पेलेसिसले ए-३२० विमानको विमान सम्बन्धित प्रशिक्षण र विशेष कोर्सवेयरको पुस्तकालय सेवा प्रदान गर्नेछ । यस्ता सेवा उडान कर्मचारीलाई आवश्यक सुरूवाती तालिम र पुनर्ताजगी तालिमका लागि प्रयोग हुनेछ ।

## आइएमई-एनबी बैंकबीच रेमिट्यान्स सम्झौता

रेमिट कम्पनी आइएमई र नेपाल बंगलादेश (एनबी) बैंकबीच रेमिट्यान्स कारोबार सम्झौता भएको छ । सम्झौतामा आइएमईका सञ्जाल प्रवर्द्धन प्रमुख एवं प्रबन्धक रूद्रराज पौडेल र एनबी बैंकका उप-महाप्रबन्धक सुरेन्द्रभूषण श्रेष्ठले हस्ताक्षर गरेका हुन् । सम्झौतापछि आइएमईका सेवाग्राहीले आइएमईको विश्वव्यापी सञ्जालबाट आप्रवाह हुने विप्रेषण एनबी बैंकका ३१ शाखामार्फत भुक्तानी लिन एवं सीधै बैंक खातामा जम्मा गर्न सक्नुका साथै ग्लोबल आइएमई बैंकसँगको सहकार्यमा सञ्चालित आन्तरिक विप्रेषण सेवासमेत प्राप्त गर्न सक्नेछन् ।

महत्वपूर्ण व्यावसायिक व्यक्ति (सिआइपी) सम्मान २०१४ प्राप्त रेमिट्यान्स कम्पनी आइएमईले सेवा शुभारम्भको १४औं वर्षसम्म नेपालभरका प्रमुख सहर तथा सहरोन्मुख ग्रामीण क्षेत्र समेट्ने गरी ७५ जिल्लाका ३ हजार ५ सय भन्दा बढी एजेन्ट/सब-एजेन्ट, १ सय ३५ आइएमई सेन्टर र विभिन्न बैंक तथा वित्तीय संस्थाका शाखामार्फत विदेशमा कार्यरत नेपालीले पठाएको रकम आफन्तको हातमा छिटो र सुरक्षित तवरबाट वितरण गर्दै आएको छ ।

## सुज प्यालेसमा बेस्ट सेल सुरू

राजधानीको चाबहिलस्थित सुज प्यालेसमा महिलाले मनाउने हरितालिका तिज पर्वलाई लक्षित गरी बेस्ट सेल सुरू भएको छ ।

सुज प्यालेसमा नेपाली ब्रान्ड रन सुजलगायत विभिन्न विदेशी ब्रान्डका जुत्ता तथा चप्पललाई छुट मूल्यमा बिक्रीका लागि राखिएको छ । सुज प्यालेसले पहिलोपटक तिजको अवसरमा महिलाले प्रयोग गर्ने जुत्ता, चप्पलमा छुटको योजना ल्याएको हो । योजनाअन्तर्गत बालकदेखि वृद्धासम्म सबै उमेर समूहका महिला तथा पुरूषलाई उपयुक्त हुने जुत्ता तथा चप्पल राखिएको छ । मेलामा २ सय, ३ सय, ५ सय, ७ सय र १ हजारदेखि ५ हजार रूपैयाँसम्मका जुत्ता, चप्पल राखिएको छ । सीमित समयका लागि ल्याइएको योजना अवधिभर जुत्ता, चप्पल खरिदमा ६५ प्रतिशतसम्म छुट राखिएको छ ।

## अन्तर्राष्ट्रिय...

मधेसी मोर्चाको आन्दोलन प्रतिगमनविरूद्धको आन्दोलन हो, मधेसको स्वायत्तताको आन्दोलन हो । देशभरि आन्दोलन चर्किरहेको अवस्थामा संविधान लेखन प्रक्रिया तत्काल रोकेर वार्ताबाट राजनीतिक समाधान खोज्नुपर्ने यादवको सुझाव छ । तर, चार दलले वार्ता र संविधानको प्रक्रिया सँगसँगै अघि बढाउने निर्णय गरेका छन् । यो निर्णयसँगै मेची महाकालीमा आन्दोलन झन झन चर्किएर गएको छ । आन्दोलनकारी थारूदेखि मधेसीसम्म, हिन्दूराष्ट्र हुनुपर्छ भन्नेहरूसमेत बन्दुक काँधमा राखेको सरकारसँग वार्ता सम्भव छैन भनिरहेका छन् । प्रम सुशील कोइरालाको वार्ताको आह्वानलाई खारेज गरिरहेका छन् ।

## भोलीदेखि...

यसैवीच खबर आएको छ, संविधानको विधेयक पारित गर्ने हठबाट पछि हटेनन् र प्रक्रिया अघि बढाइयो भने सबै मधेसी दलहरूले संविधानसभाको सदस्यता त्याग्ने धम्की समेत दिएका छन् । (राजेन्द्र महतोको सद्भावनाले त्यागीसकेका छन् ।) त्यो अवस्थामा संविधान घोषणा भए एकपक्षीय हुनेछ र त्यो संविधानलाई न पहाड, हिमाल, न मधेसले नै मान्य छ । यस्तो संविधानले राजनीतिक निकास होइन, ववाद बढाउने छ र देशलाई खरानी बनाउन बेर छैन ।

अहिले नै ठूला दलसँग देशव्यापी रूपमा उठेको आन्दोलन संवोधन गर्ने सामर्थ्य देखिदैन । एउटा संसदीय दल कैलाली पुगेको छ, बाँकी क्षेत्रको आन्दोलन मत्थर पार्न कुनै पनि क्षेत्रका कुनै पनि सभासद वा ठूला नेता जान डराइरहेका छन् । राजधानीको सुरक्षा घेरामा सुरक्षित बसेर मन्तव्य दिनु, संविधान जारी हुन्छ हुन्छ भनेर भाषण गर्नु र वार्तामा आउ भन्नु प्रचण्ड, ओली र सुशील कोइरालाको दिनचर्या बनेको छ । यी तिनै नेता रक्तपात भएका र हुनसक्ने क्षेत्रमा गएर जनतालाई जनहितमै संविधान आउँछ भनेर आश्वस्त पार्न नसक्नु वर्तमान राजनीतिक असक्षमता बन्न पुगेको छ ।

त्यसमाथि डा.बाबुराम भट्टराईजस्ता नेताहरू जनजाति र थारूहरूलाई उत्पात मच्चाउन उक्साइरहेका छन् । र, आङकाजीहरू गृहमन्त्रीको टाउको काट्ने, बाहुनहरूलाई घरघरबाट थुतेर सिध्याउने भाषण गरे । हुन त, अमरेसकुमार, उपेन्द्र यादव, राजेन्द्र महतोले पहाडीयालाई पहाडतिरै लखेट भनेर साम्प्रदायिक दङ्गा फैलाउने साजिस पनि गरेकै हुन् । यद्यपि अहिलेसम्म साम्प्रदायिक दङ्गा फैलिएको त छैन, यसैगरी राजनीति सत्ताको करिडरमा निस्तेज भएर रहने र सेना परिचालन गरेर शान्तिको बिगुल फुक्ने हो भने छिटै नेपाल रगतको पोखरी बन्ने निश्चित छ । ४ पार्टीको सिण्डिकेटको निरंकूशताले १७ मारिसके, अरू कति मार्ने हुन् ?

## गिरिजाको...

लिम्बुवानसम्मका आन्दोलित जनतालाई मनाउन पुगुन् न । आफ्नै निर्वाचन क्षेत्र सिरहा ५ मा जाने साहस नभएका प्रचण्ड लोकको होइन, लोकतन्त्रको चिन्ता गर्न थालेका छन् । १७ जनाको बली चढाइसकियो, अव कति बली चढाएपछि यिनले आफूखुसीको संविधान जारी गर्नेहुन् ?

संविधानको बिधेयकमा संशोधन प्रस्ताव दर्ता गराउन नदिने र विपक्षी भावनाका संशोधन प्रस्तावलाई बहुमतले खारेज गर्ने जुन अलोकतान्त्रिक काम ठूला ३ दलले गरिरहेका छन्, यस्तो चालाले आन्दोलनलाई अरू चर्काउने छ र हेर्नुछ– थप कसकसको सालिक तोडिने हो, ढालिने हो ।

## लेखीको...

थारू आन्दोलनमा केही कमीकमजोरी भएको स्वीकार समेत गरेका थिए । कैललीलगायतका जिल्लामा भएको थारू आन्दोलनमा कार्यकर्ताहरूले त्रुटीपूर्ण काम गरेको भन्दै नेतृत्वको हिसाबले घटनामा कमजोरी भएको स्वीकार गर्दै पत्रकार सम्मलेन मार्फत् माफी मागेका थिए । सोही कार्यक्रममा उनले तराईका २२ जिल्लामा चार प्रदेश निर्माण गर्न सरकारसँग माग समेत गर्दै थारू आन्दोलनमा लागेकै कारण सरकारले इन्जिनियर धनीराम चौधरीलाई वर्खास्त गरेर देखाउन र आफूलाई कारबाही गरेर देखाउन चुनौति समेत दिएका छन् ।

लेखी कुनै समय नेकपा एमालेका सक्रिय सदस्य रहेका व्यक्ति हुन् । उनी एमालेकै सहयोगमा जनजाति महासंघको अध्यक्ष समेत रहिसकेका छन् । पछिल्लो समयमा उनी थारू कल्याणकारीसभाका अध्यक्ष भएका थिए । हाल उनी राजनीतिक रूपमा थारू कल्याणकारीसभासँग निटक रहेका र हालै ९ जनाको ज्यान जानेगरी कैलालीको टिकापुरमा भएको घटनाका सम्बन्धमा आफ्ना कार्यकर्ताहरूले गल्ती गरेको भन्दै माफी समेत मागेर फेरि प्रधानमन्त्रीलगायत अन्य केही नेताहरूलाई भौतिक कारबाही गर्ने धम्की दिँदै हिँड्नुले उनको नियत के हो भनि प्रष्ठ भएको छ । नेपाल प्रहरकिा वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेसहितका प्रहरीहरूको हत्या हुँदा लेखी कहाँ थिए ? एउटा सरकारी जागीर खाएर बसेका धनीराम चौधारीलाई सरकारले निजामती ऐन अनुसार कारबाही गर्न खोज्दा, उल्टो बर्खास्त गरेर देखाउन सरकारलाई धम्की दिनुले लेखीको असली अनुहार प्रष्ठ रूपमा देखिँदै गएको छ । लेखी तिनै व्यक्ति हुन्, जो पहिलो संविधानसभाले संविधान जारी गर्ने बेलामा जनजातिहरूलाई उचालेर एमाओवादी अध्यक्ष पुष्पकमल दाहालकोमा गुहार माग्न पुगेका थिए ।

## हिन्दू...

हुन सक्ने भएको हुनाले चार दलले जनताले दिएका राय सुझावहरूलाई रद्दीको टोकरीमा फाल्ने सम्भावना बढेर गएको छ ।

संविधानको पहिलो मस्यौदा जनताकहाँ जाँदा बहुसंख्यक जनताले नेपाललाई हिन्दू राज्य नै कायम गराउनु पर्नेमा मत जाहेर गरेका भएपनि धर्म निरपेक्षताका बारेमा कुनै निर्णय नै नगरी चारदलले संविधानसभाबाट संविधानको विधेयक पारित गर्नुले उनीहरू धर्मनिरपेक्षताकै पक्षमा रहेको प्रष्ठ भएको छ । अब संविधानका धारा, दफा, उपदफाहरूको संशोधनका लागि सभासदहरूले संविधान संशोधन प्रस्ताव हाल्न सक्ने भएपनि उनीहरूले हालेका प्रस्तावहरूका सम्बन्धमा कांग्रेस, एमाले र एमाओवादीले सहमति नगरेको खण्डमा संशोधित प्रस्तावहरू पारित हुन नसक्ने भएको हुनाले त्यस्ता प्रस्तावहरू हाल्नुको कुनै औचित्य छैन ।

एकातिर मधेसवादी दलहरू आन्दोलनमा गएका छन् भने अर्कोतर्फ हिन्दूधर्मवालम्बीहरू र ॐकार परिवारभित्र रहेका सबै धर्मावलम्बीहरू दिनहुँजसो डक संघर्ष गर्दै धर्मनिरपेक्षताको विरूद्धमा उत्रिएका भएपनि उनीहरूको माग सम्बोधन गर्न संविधानसभा र सरकारले चासो देखाएको छैन । तथ्यांक विभागको २०६८ को जनगणना अनुसार नेपालमा बसोबास गर्नेहरू मध्ये ८२ प्रतिशत हिन्दूधर्ममा विश्वास गछन् भने ॐकार परिवारभित्र रहेका शीख, जैन, बौद्धलगायतको संख्या जोड्दा झण्डै ९४ प्रतिशत हुन आउँछ । सुशील कोइराला नेतृत्वको सरकारले आफ्नै सरकारी संयन्त्रले निकालेको डाटालाई समेत अस्वीकार गर्दै ६ प्रतिशतका लागि मुलुकलाई धर्मनिरपेक्ष बनाउनुको अर्थ के ?

विश्वका विभिन्न मुलुकहरू विभिन्न धर्मसँग सम्बन्धित रहेका छन् । क्रिश्चियन धर्म, बौद्ध धर्म, इस्लाम धर्म, यहुदी धर्मलगायत हिन्दूधर्म विश्वमा प्रचलित धर्म हुन् । विश्वका धेरै देशहरू इस्लामिक धर्ममा विश्वास राख्ने भएका हुनाले उनीहरू त्यही धर्मका नाममा सञ्चालित भएका छन् । सार्क मुलुकभित्रै पाकिस्तान इस्लामिक मुलुक हो । धर्मका नाममा विवाद उत्पन्न भए, त्यसको छिनोफानो जनताको राय सल्लाह लिएर जनमत संग्रहबाट गर्नुपर्नेमा नेपालमा भने त्यसो नगरी केही डलरवादी नेताहरू र केही पश्चिमा मुलुकहरूले दबाब दिएर नेपाललाई धर्मनिरपेक्ष मुलुक बनाइएको आरोप हिन्दूधर्मावलम्बीहरूले लगाउँदै आएका हुनाले, संविधानसभाले हिन्दूराज्य नै कायम गरिनु पर्छ । यदि त्यो हुन सक्दैन भने जनमत संग्रहको माध्यमबाट निर्णय गरिनु उपयुक्त विकल्प हुन सक्छ । यदि त्यो पनि नहुने हो भने आउँदा दिनमा ॐकार परिवारभित्र रहेका विश्वका मानिसहरूले आन्दोलन गरे भने त्यसबाट उत्पन्न हुने सबै समस्याहरूको जिम्मेवारी चार दल र कोइराला सरकारले नै लिनुपर्छ ।

## अब बन्ने...

उद्घोष समेत गरेका छन् । संविधानसभाबाट संविधानको विधेयक गत आइतबार बहुमतले पारित गरेको छ । अब उक्त विधेयकमा संशोधन प्रस्ताव हालेर संशोधन गर्न सकिने प्रावधान भएपनि चार दलको सहमति बेगर संशोधन प्रस्ताव पारित हुन सक्ने सम्भावना नै छैन । एकातिर चार दल भित्रै व्यापक असन्तुष्टी रहेको छ भने अर्कोरित कांग्रेस एमाले र एमाओवादी जसरी भएपनि संविधान जारी गर्ने पक्षमा रहेका छन् । चार दलभित्रको मधेसी जनअधिकार फोरम लोकतान्त्रिकले समेत अहिले संविधानको विधेयकमा सामान्य संशोधन गरेर तीन अगाडि बढेको खण्डमा त्यो आफ्नो दललाई स्वीकार्य नहुने भनिरहेको अवस्थामा प्रस्तावित विधेयकले कस्तो रूपलेला त्यो हेर्न भने बाँकी रहेको छ ।

विभिन्न मधेसवादी दलहरूले वार्ताको नाममा मधेसवादी दलहरूको संघर्षलाई कमजोर पार्ने खेलमा कांग्रेस, एमाले र एमाओवादी लागेको आरोप लगाइरहेका बेला विजय गच्छदारले नेतृत्व गरेको फोरम लोकतान्त्रिकले समेत वार्ताका लागि सरकार गम्भीर नभएको बताउँदै तिन दलका शीर्ष नेताहरूले देखाएको उदासिनता प्रति आक्रोश व्यक्त गरेको छ । सम्झदारीका लागि आफूहरूले लचकता अपनाउँदा पनि आफूहरूलाई समेत संविधान निर्माणको प्रक्रियाबाट बाहिर धकेल्न खोजेको आरोप लोकतान्त्रिक फोरमले लगाएको छ । उसका अनुसार आफूहरूलाई सहज हुने ठाउँमा सीमाकंन गरेर थारूहरूलाई अपमान गरेको आरोप उसले लगाउँदै यसले गर्दा संविधान कार्यान्वयनमा बाधा पर्ने र सेनालगाएर जारी गरिने संविधानको कुनै अर्थ नरहने फोरम लोकतान्त्रिक भनाइरहेको छ । यसरी संविधानसभाभित्रैका दलहरू संविधान निर्माणको प्रक्रियामा असन्तुष्ट रहेका बेला संविधानसभा बाहिर रहेका दलहरूलाई संविधान निर्माणको प्रक्रियामा सन्तुष्ट बनाउन सरकार र चार दललाई फलामको च्युरा चपाउनु सरह भएको छ ।

राजनीतिक दलहरू मात्र संविधान निर्माणको प्रक्रियामा असन्तुष्ट छैनन्, महिला र दलितहरू समेत असन्तुष्ट रहेका छन् । दलित र महिलाहरू प्रधानमन्त्रीलाई भेट्न पुग्दा प्रधानमन्त्रीले औपचारिकता निभाउन बाहेक अन्य केही जिम्मेवारीबोध नगरेको भन्दै उनीहरूले समेत आन्दोलन गर्ने उद्घोष गरिसकेका छन् । दलित र महिलाहरूमा सत्ताधारी दल कांग्रेस, एमाले र एमाओवादीकै सभासदहरू समेत सामेल भएर संघर्षका कार्यक्रममा सरिक भएका हुनाले नयाँ बन्ने संविधान पनि टिकाउ नहुने र कार्यान्वयनमै बाधा, अवरोध सिर्जना हुन सक्ने सम्भावना देखिएको छ ।

## यो त...

सकस भइरहेको महसुस हुन्छ । भन्नलाई त, संविधान जारी गर्नलाई स्वयं एमाओवादीले 'असन्तुष्ट' पक्ष (मधेसी र थारू)हरू सँग मध्यस्थताको भूमिका निभाइरहेको र सकेसम्म तिनका मागलाई सम्बोधन गर्न ६ सुत्रीय 'हल' ल्याइसकेको पनि भनिँदैछ । तर, जस्तो कि, माथि नै भनियो, जे सुकै गर, जे सुकै भन, राजतन्त्रलाई स्थान नदिइकन संविधान जारी हुनै सक्दैन । बाँकी कार्यकर्ताहरूलाई कसरी 'सम्झाउने' भन्ने कुरा । त्यो तिनीहरूको व्यक्तिगत र पार्टीगत कुरा हो । बरू यसतर्फ कदम चालिहालौं ।

# सुनसरी-मोरङ करिडोरका उद्योग मारमा

विराटनगर । लामो बन्दले गर्दा उत्पादित वस्तु निकासी गर्न नपाउँदा सुनसरी–मोरङ औद्योगिक करिडोरमा सञ्चालित उद्योगहरु थप समस्यामा परेका छन् ।

बन्दमा जोखिम मोलेर आयात गरिएको औद्योगिक कच्चा पर्दाथबाट उत्पादित वस्तु निकासी गर्न नपाउँदा उद्योगहरु थप समस्यामा परेका हुन् ।

बन्दमा अधिकांश उद्योग बन्द भए पनि केही उद्योगले भने जोखिम मोलेरै भए पनि आफ्नो उत्पादनलाई निरन्तरता दिएका थिए । तर, हाल उत्पादित वस्तुहरु निकासी हुन नसक्दा गोदाममै चाङ लगाएर थन्क्याउनुपरेको उद्योगीहरूले बताए । २७ साउनदेखि यस क्षेत्रमा भइरहेको निरन्तरको बन्दले गर्दा उद्योगहरु प्रभावित हुँदै आएका थिए । बन्दले गर्दा औद्योगिक कच्चा पर्दाथ आयात ठप्प भएपछि प्रशासनले स्कर्टिङमा कच्चा पदार्थ ल्याइदिने गरेको छ । तर, त्यसरी आयात हुने कच्चा पदार्थ पूर्ण रूपको नहुने र कहिले के कहिले के अभाव हुने भएकाले उसै पनि उद्योगले चाहेजस्तो उत्पादन गर्न सकिरहेका छैनन् ।

उद्योगी अविनाश बोहोराका अनुसार नेपालमा हुने कुल निकासीको ६० प्रतिशत निकासी पूर्व क्षेत्रबाटै हुने गरेको छ । यहाँस्थित विराटनगर र काँकडभिट्टा नाका निकासीका लागि मुख्य हुन् । निकासी ठप्प हुँदा उद्योगीहरूलाई पुँजी अभाव भएको उनले बताए । उद्योगी बोहोराका अनुसार पूर्वबाट सरदर दैनिक २ करोड रूपैयाँका मालवस्तु निकासी हुने गरेको छ ।

Sajha Express (p.) Ltd.
Domestic & INT 'L Courier Cargo Service
Head Office
Hanumansthan, Anamnagar
Po Box 14189 Kathmandu,
Nepal, Tel .4230789 ,4230269
Branch Office
Barnwal Market, Birgunj
Hari Panta (Branch Manager),
Tel. 051-526809 , 9855021524

मानव बेचबिखनविरुद्ध सारा नेपाली एक होऔँ ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग




सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार